म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०० शनिबार, २३ फागुन २०८२ ने. सं. ११४६ चिल्लागा 7 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## परिणाम प्रतिकूल आएपनि सेवामा क्रियाशील रहने छौं: मुख्यमन्त्री बानियाँ

हेटौंडा, २२ फागुन/नेपाली कांग्रेस बागतमी प्रदेशका सभापति तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले निर्वाचन परिणाम पार्टीअनुकूल नआए पनि निरन्तर जनताको सेवामा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रतितिधिसभा निर्वाचनको जारी मतगणनामा कांग्रेस अनुकूल मतपरिणाम नदेखिएपछि उनले मतपरिणामलाई स्वीकार गर्दै निरन्तर जनताको सेवामा क्रियाशील रहन प्रदेश कार्यसमिति दृढ रहेको बताएका हुन् । 'लोकतन्त्रको सुन्दर पक्ष निर्वाचनमार्फत् प्राप्त मतपरिणामलाई स्वीकार गर्दै निरन्तर जनताको सेवामा क्रियाशील रहन कांग्रेस बागमती प्रदेश दृढ र प्रतिबद्धता व्यक्त गर्दछ,' सभापति बानियाँले जारी गरेको विज्ञप्तिमा भनिएको छ । देशमा भएका हरेक परिवर्तनको आन्दोलनमा जनचाहानाअनुरुप नेतृत्वदायी भूमिका निर्वाह गरेको कांग्रेस देश र लोकतन्त्रको पक्षमा तथा जनताको अवस्था परिवर्तनका लागि सदैव जनतासँगै रहने उनले उल्लेख गरेका छन् ।

# विकासका पूर्वाधार बढे पनि गाउँमा युवा टिकाउन सकस

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/१० वटा पालिकामा मकवानपुरको क्षेत्रफल २४२६ वर्ग किलोमिटर रहेको छ । नेपालको कुल क्षेत्रफलको १ दशमलव ६५ प्रतिशत ओगटेको छ ।

जिल्लाको सबैभन्दा होचो भाग समुन्द्री सतहबाट १६६ मिटर बागमती गाउँपालिका हात्तीढुंगा पर्छ भने सबैभन्दा अग्लो भाग २५८५ मिटर थाहा नगरपालिकाको सीमभञ्ज्याङ रहेको छ । मकवानपुरको नामाकरण सेनवंशी राजा मुकुन्द सेनको नाम दर्शाउने गरी मुकुन्दपुर राखिएको थियो । कालान्तरमा मुकुन्दपुर अपभ्रंश हुँदै मकवानपुर रहन गएको किंवदन्ती छ । जिल्लाको उत्तरतर्फ महाभारत श्रृंखला र दक्षिणतर्फ चुरेपर्वत (शिवालिक पहाड) को काखमा मकवानपुर रहेको छ ।



जिल्लाको उत्तरी र पश्चिमी क्षेत्रका बासिन्दा व्यावसायिक तरकारी खेतीमा संलग्न छन् । त्यसैबाट उनीहरुले आम्दानी गरिरहेका छन् । पूर्वी भागका अधिकांश बासिन्दा निर्वाहमुखी कृषि प्रणालीमा आधारित छन् । व्यावसायकि ढंगले बकैया गाउँपालिका-३ हात्तीसुँढेका रमेश फुँयालले कुखुरापालन व्यवसायमा एक करोड लगानी गरेरसात जनालाई रोजगारी दिएको बताए । तरकारीखेती गरेका बकैया गाउँपालिका-४ चित्रबहादुर कार्कीले वार्षिक २५ लाख रुपैयाँ आम्दानी गरिरहेको बताए ।

बागमती प्रदेश राजधानी एवं मकवानपुर सदरमुकाम हेटौंडामा ६० वर्षअघि स्थापना गरिएको औद्योगिक क्षेत्र रहेको छ । औद्योगिक क्षेत्रस्थित उद्योग र बाहिर रहेका अन्य उद्योगमा गरेर करिब ७ हजारले रोजगारी पाएका छन् । पछिल्लो समयमा हेटौंडा उपमहानगरको केही वडामा मेवा, ड्रयागन फ्रुटस लगायतका व्यावसायिक खेती अगाडि बढेको छ । त्यसतर्फ युवा आकर्षित भएका छन् । अहिले उद्योगमा जागिर खानेभन्दा पनि रोजगारीका लागि विदेश जाने वा स्वरोजगार हुनका लागि कुखुरापालन, पशुपालन, तरकारी र फलफूलखेतीतर्फ आकर्षित भइरहेको पाइन्छ ।

यहाँका युवाको रोजगारीको प्रमुख गन्तव्य काठमाडौं र विदेश हो । हेटौंडामा भएका उद्योग कलकारखानामा अधिकांश अदक्ष मजदुरकारुपमा कार्यरत छन् । थोरै युवामात्र स्वरोजगार छन् । युवा थोरै लगानीबाट ससाना उद्योग र व्यावसायिक कृषि, पशुपालन, च्याउ, मेवाखेतीतर्फ लागेका छन् । मकवानपुर बहुमुखी क्याम्पस प्रमुख यम सिलवाल १२ कक्षा उत्तीर्ण भएपछि युवा विदेश जाने योजना बनाउन थाल्ने गरेको बताउँछन् । '१२ कक्षा पढेपछि धेरैजसोको सपना नै विदेश जाने छ । युवा छोटो समयमा आयआर्जन हुने खालका काम गर्न खोज्छन्, लामो समय परिश्रम र लगानी गर्दा आम्दानी हुन्छ भन्ने सोच उनीहरुमा पलाउन सकेको छैन ।'

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट मुलुकको वातावरण लगानीमैत्री नहुँदा पनि युवा कुनै क्षेत्रमा लगानी गर्न डराउने गरेको बताउँछन् । मकवानपुरको दुर्गम गाउँमा उत्पादन गरेको कृषिजन्य वस्तुले बजार नपाएर समस्या हुने गरेको छ । उत्पादित कृषिजन्यवस्तु बोकेर बजार ल्याउँदा लागत मूल्य पनि नउठ्ने र उत्पादित तरकारीलगायत बिक्री नभएर अवैधखेतीतर्फ लाग्नुपरेको स्थानीय कृषक बताउँछन् । मकवानपुरको दुर्गम राक्सिराङ गाउँपालिका-९ खैराङका बासिन्दाले उत्पादन गरेको काउली, मुला बन्दाकोभी बिक्री नभएपछि गाँजाखेती थालेको खैराङका ३४ वर्षीय सुमन नगरकोटीले सुनाए ।

उनले भने, 'अरु तरकारी लगाएर बिक्री हुँदैन । गाउँमै व्यापारी आएर किन्न थालेपछि यहाँका अवैध खेतीतर्फ लागेको देखिन्छ ।' गाँजा, अफिम जस्ता अवैधखेतीका कारण यहाँका केही युवा प्रहरीको फन्दामा परेका छन् । 'गाँजा र अफिम बोकेर लैजाँदा धेरै युवा पक्राउ परेर भीमफेदी जेलमा छन्,' राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले भने, 'गाउँमा १२ महिना सवारीसाधन आउजाउ गर्न सक्ने सडक बनाउन प्रयत्न गरेका छौं, त्यसपछिमात्र कृषिजन्य वस्तुले बजार पाउन सक्ला ।' कृषिजन्य वस्तुले बजार नपाएका कारणले गाउँका बासिन्दा अबैधखेतीतर्फ लाग्नुपरेको र उनीहरुको जीवनस्तरमा परिवर्तन आउन नसकेको अध्यक्ष मल्लले बताए ।

मुलुकमा संघीयता स्थापनापश्चात स्थानीयको नजिकको सरकारप्रति नागरिकको भरोसा बढेको छ । अधिकांश पालिकाले सामाजिक सुरक्षा भत्ता घर/घरमा पुऱ्याउने गरेका छन् । वडा/वडामा रहेका स्वास्थ्यचौकीबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । नियमित ढंगले स्वास्थ्यकर्मी स्वास्थ्यचौकीमा बस्ने गरेका छन् । दुर्गम राक्सिराङ गाउँपालिकाले १० शैयाको अस्पताल नै संचालन गरेको छ । एमबीबीएस चिकित्सक अस्पतालमा राखेर २४ सै घन्टा स्वास्थ्यसेवा दिँदै आएको छ । यो पालिकाले ९ वटै वडामा स्वास्थ्यचौकी स्थापना गरेको छ । पालिकाले पानी परीक्षण प्रयोगशालासमेत स्थापना गरेको छ ।

पालिकाले आफ्नै स्रोत साधनमा स्वास्थ्यक्षेत्रमा राम्रो काम गरेको राक्सिराङ गाउँपालिका-५ ठाडेचुरीका रामबहादुर चेपाङले सुनाए । सामाजिक सुरक्षा भत्ताले लोपोन्मुख र सीमान्तकृत समुदायका बासिन्दा बढी लाभान्वित भएका छन् । मकवानपुरको मनहरी गाउँपालिकामा मात्र बसोबास रहेको लोपोन्मुख अतिसीमान्तकृत वनकरिया समुदायको जीवनमा आएको परिवर्तनको मुख्य माध्यम सामाजिक सुरक्षा भत्ता हो । वनकरिया समुदायलाई राज्यको मूलधारमा ल्याउने उद्देश्यले २०६६ सालदेखि सरकारले सामाजिक सुरक्षा भत्ता दिँदै आएको छ । जन्मदर्ता गर्ने वित्तिकै उनीहरुले सामाजिक सुरक्षा भत्ता पाउने गर्छन् ।

छात्रवृत्ति र दिवाखाजाका कारण विद्यालयस्तरमा हुने ड्रप आउटको दर घटेको छ । मकवानपुरको दुर्गम कैलाश र राक्सिराङका विद्यालयमा दिवाखाजा खुवाउन थालेपछि बालबालिका विद्यालय छाड्ने दर घटेको छ । राक्सिराङ-६ सिलिङ्गेस्थित सिलिङ्गे माविका प्रअ लालुमाया चेपाङले भनिन्, '९ र १० कक्षाका विद्यार्थीलाई पालिकाले छात्रवृत्ति दिएको छ भने सबैलाई दिवाखाजाको व्यवस्था भएका कारण ड्रपआउट हुने संख्या अत्यन्त न्यून छ ।' मकवानपुरका १० वटै स्थानीय तहको केन्द्र मुख्य राजमार्गको सडकसँग जोडिएका छन् । राजमार्गबाट पालिकाको केन्द्रसम्म पुग्ने राक्सिराङ र कैलाश गाउँपालिकाको सडक कालोपत्र गर्ने क्रममा छ । मकवानपुर बाट काठमाडौं भित्रने ७ वटा सडकमार्ग छन् । तीमध्ये ४ वटा सडक छोटो दुरीका भएपनि स्तरोन्नति हुन नसक्दा जोखिमयुक्त छन् । ६९ वर्षअघि निर्माण सुरु गरेको कान्तिलोकपथ अहिलेसम्म पनि पूरा हुन सकेको छैन ।

क्रमश: पृष्ठ-४....

# मकवानपुरको मतगणना जारी, दुबै क्षेत्रमा रास्वपा अगाडि



साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ मकवानपुरको दुईवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अग्रस्थानमा रहेको छ ।

यो समाचार तयार पार्दासम्म क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रकाश गौतम ८ हजार ९ सय ४६ मतसहित अग्रस्थानमा छन् । त्यसैगरी नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय 'डिना' ले १ हजार ७ सय २६ मत पाउँदा एमाले उम्मेदवार रामेश्वर रानाले १ हजार ५ सय १५, राप्रपाका दीपकबहादुर सिंहले १ हजार ८७ र नेकपाका विजय गौतमले ५ सय ७ मत पाएका छन् । मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार प्रशान्त उप्रेती ४ हजार ७ सय ४६ मतसहित अगाडि छन् ।

नेपाली कांग्रेस उम्मेदवार बुद्ध लामाले २३ सय ९ मत पाएका छन् । एमाले उम्मेदवार महेशकुमार बर्तौलाले १९ सय ४५ मत पाएका छन् भने नेकपाका उम्मेदवार लवशेर विष्टले ११ सय ०३ मत ल्याएका छन् । मतगणना अहिले पनि हेटौंडा-४ स्थित भुटनदेवी माविमा जारी छ । बिहिबार सम्पन्न निर्वाचनमा १ लाख ८६ हजार ५ सय ५१ जनाले मत हालेका थिए । जसमध्ये ९६ हजार ६ सय ३४ पुरुष, ८९ हजार ९ सय १२ महिला र अन्य ५ जनाले मत हालेका थिए ।

२ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा क्षेत्र नं. १ मा ४७ हजार ६ सय ७० पुरुष, ४७ हजार ६ सय ३६ महिला र अन्य ४ जना गरी कुल ९५ हजार ३ सय १० जनाले मत हालेका थिए । त्यसैगरी क्षेत्र नं. २ मा ९१ हजार २ सय ४१ मत खसेको थियो । जसअन्तर्गत ४८ हजार ९ सय ६४ पुरुष, ४२ हजार २ सय ७६ महिला र अन्य १ जनाले मतदान गरेका थिए ।

# काठमाडौं-१ मा ११ दिनकी सुत्केरीको विजययात्रा

साझाकुरा संवाददाता



हेटौंडा, २२ फागुन/ नेपाली राजनीतिमा मातृत्व र सार्वजनिक जीवनलाई एकसाथ अघि बढाउने उदाहरण निकै कम देखिन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेत्री रञ्जु दर्शना न्यौपानेले भने यही दुर्लभ उदाहरण प्रस्तुत गरेकी छिन् । छोरो जन्माएको ११ दिनपछि न्वारन सकेर उनी आफ्नो निर्वाचन क्षेत्रको विजययात्रामा सक्रियरुपमा सहभागी भएकी थिइन् । मातृत्वको संवेदनशील समयमै पनि राजनीतिक जिम्मेवारीलाई निरन्तरता दिएकी उनको यो कदमले धेरै महिलाका लागि प्रेरणाको स्रोत बनेको छ । बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नम्बर १ बाट रास्वपाकी उम्मेदवार न्यौपाने १५ हजार ४५५ मत प्राप्त गर्दै विजयी भएकी छिन् ।

निर्वाचनअभियान सुरुहुँदा न्यौपाने आठ महिनाकी गर्भवती थिइन् । त्यस अवस्थामा पनि उनले मतदातासँग प्रत्यक्ष भेटघाट गर्ने घर दैलो अभियानलाई अन्तिम समयसम्म निरन्तरता दिइन् । गर्भावस्थाको चुनौतीका बाबजुद उनले मतदातासँग संवाद गर्दै स्थानीय समस्या, विकास र सुशासनका विषयमा आफ्नो धारणा प्रस्तुत गरिन् । छोरा जन्मिएपछि पनि उनी राजनीतिक जिम्मेवारीबाट अलग बसिनन् । १० दिनकी सुत्केरी अवस्थामा नै उनी मतदान केन्द्रमा पुगेर प्रतिनिधिसभा निर्वाचनमा आफ्नो मत दिइन् ।

यसरी मातृत्वको अत्यन्त संवेदनशील समयमै पनि लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउनु उनको साहस, प्रतिबद्धताको उदाहरण बनेको छ । न्यौपाने वैकल्पिक राजनीतिक धारको नेतृत्व गर्दै राजनीतिमा सक्रिय हुँदै आएकी छिन् । निर्वाचनअघि उनी विवेकशील साझा पार्टीबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेकी थिइन् । रास्वपाबाट समानुपातिक सूचीमा नाम परेको भएपनि त्यसप्रति आलोचना भएपछि उनले काठमाडौं-१ बाट प्रत्यक्ष निर्वाचन लड्ने निर्णय गरिन् ।

उनको यही निर्णय अन्तत:सफल भयो र मतदाताले उनलाई प्रतिनिधिसभामा पठाएका छन् । न्यौपानेको राजनीतिक यात्रा निकै कम उमेरमै सुरु भएको हो । विसं २०७० सालमा मात्र १७ वर्षको उमेरमा उनी विवेकशील नेपाली दलमा प्रवेश गरेकी थिइन् । 'नेपाल खुला छ' अभियानबाट उनले नागरिकअधिकार, पारदर्शिता र सुशासनका विषयमा सक्रिय आवाज उठाउन सुरु गरेकी थिइन् । विसं २०७४ सालमा २१ वर्षको उमेरमै उनी काठमाडौं महानगरप्रमुख पदका लागि उम्मेदवार बनेकी थिइन् । त्यो निर्वाचनमा उनले २३ हजार ४३९ मत प्राप्त गर्दै उल्लेखनीय समर्थन कमाएकी थिइन् । त्यसपछि उनी विवेकशील साझा पार्टीको महासचिव बनिन् ।

पछिल्ला वर्षमा राजनीतिक उतारचढावकाबीच न्यौपाने पार्टीबाट राजीनामा दिएर केही समय स्वतन्त्र राजनीतिक यात्रामा बिताइन् । २०७९ सालमा काठमाडौं-५ बाट स्वतन्त्र उम्मेदवार बनेकी थिइन् । वि.सं. २०५२ सालमा काठमाडौंको मैतीदेवीमा जन्मिएकी न्यौपानेले काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा स्नात्तक, त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर र काउन्सिलिङ साइकोलोजीमा पोस्ट-ग्राजुएट अध्ययन गरिन् । महिलाहिंसाविरुद्ध सशक्त आवाज उठाउँदै आएकी न्यौपाने सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता र नागरिकअधिकारको पक्षधर सामाजिक अभियन्ताका रुपमा परिचित छिन् ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

## विज्ञान/प्रविधि

# चीनले बनायो क्यामेरा बाहिर निकाल्न मिल्ने स्मार्टफोन




मोबाइल प्रविधिको सबैभन्दा ठूलो प्रदर्शनी मोबाइल वर्ल्ड कंग्रेस २०२६ का क्रममा यसपटक स्मार्टफोन उद्योगमा अनौठो आविष्कार देखिने भएको छ । उक्त प्रदर्शनीमै चिनियाँ प्रविधि कम्पनी युलेफोनले आफ्नो नयाँ स्मार्टफोन सार्वजनिक गर्ने तयारी गरेको छ । 'युलेफोन रगवन एक्सस्न्याप ७ प्रो' नामक उक्त फोन संसारकै पहिलो यस्तो स्मार्टफोन हुनेछ, जसको क्यामेरालाई फोनबाट बाहिर निकालेर एक्शन क्यामेराजस्तै गरी प्रयोग गर्न सकिन्छ ।

कम्पनीले सार्वजनिक गरेको टीजर र प्रेस विज्ञप्तिअनुसार सोमबार मार्च २ देखि बार्सिलोनामा सुरु हुने मोबाइल वर्ल्ड कंग्रेसमा यो फोन स्तुत हुन सक्नेछ । अहिलेसम्म बजारमा शक्तिशाली क्यामेरा भएका थुप्रै स्मार्टफोन आए पनि क्यामेरालाई नै फोनबाट अलग गरेर स्वतन्त्र रूपमा प्रयोग गर्न मिल्ने सुविधा भने पहिलोपटक देखिन लागेको हो ।

**डिट्याचेबल क्यामेराको नयाँ अवधारणा**

'युलेफोन रगवन एक्सस्न्याप ७ प्रो' को सबैभन्दा ठूलो विशेषता भनेको यसको म्याग्नेटिक डिटेचेबल क्यामेरा हो । यो क्यामेरा करिब औँलाको नङ जत्रो सानो मोड्युल हुने र सजिलै फोनबाट छुट्याउन सकिने बताइएको छ । कम्पनीले यो मुख्य क्यामेरा हो वा सहायक सेन्सर हो भन्ने अझै स्पष्ट पारेको छैन ।

फोनबाट अलग भएपछि यसलाई सानो एक्शन क्यामेराजस्तै प्रयोग गर्न सकिनेछ । फोटो वा भिडियो खिच्दा स्मार्टफोनको स्क्रिनलाई रिमोट मोनिटरको रूपमा प्रयोग गर्न सकिने सुविधा पनि हुनेछ । जानकारीअनुसार यस क्यामेरामा सानो ब्याट्री रहनेछ, जसले करिब ३० मिनेटसम्मको ब्याकअप दिन सक्छ ।

**डिस्प्ले र डिजाइन**

फोनमा ६.६७ इन्चको १.५ के रिजोल्युसन भएको एमोलेड डिस्प्ले रहनेछ । १२० हर्ज रिफ्रेस रेट सपोर्ट हुने भएकाले स्क्रोलिङ, गेमिङ र भिडियो हेर्ने अनुभव अझै स्मूथ र आकर्षक हुने अपेक्षा गरिएको छ ।

यस स्मार्टफोनमा मेडियाटेकको डाइमेन्सिटी ८४०० फाइभ जी प्रोसेसर प्रयोग गरिनेछ । यो चिपसेट मध्यम तथा प्रिमियम सेग्मेन्टमा ससक्त कार्यक्षमताका लागि चिनिन्छ । गेमिङ, मल्टिटास्किङ र उच्च गुणस्तरको भिडियो रेकर्डिङमा प्रयोगकर्ताले राम्रो अनुभव पाउने अनुमान गरिएको छ ।

फोनमा ५० मेगापिक्सेलको मुख्य क्यामेरा रहनेछ भने ६४ मेगापिक्सेलको नाइट भिजन क्यामेरा पनि समावेश हुने बताइएको छ, जसले कम प्रकाशमा फोटो खिच्न सहयोग गर्नेछ । यसमा ९ हजार मिलीएम्पियर आवर क्षमताको ठूलो ब्याट्री दिने तयारी गरेको छ । यति ठूलो ब्याट्री सामान्य स्मार्टफोनमा कमै देखिने भएकाले लामो समयसम्म चार्जको झन्झटबिना प्रयोग गर्न सकिनेछ । एजेन्सी

# ट्वीटर संस्थापकको कम्पनीमा एआईले खाइदियो ४ हजारको जागिर

अमेरिकाको सिलिकन भ्यालीस्थित बल्क इंकले करिब ४ हजार कर्मचारी कटौती गरेको छ, जुन कुल जनशक्तिको करिब ४० प्रतिशत हो । अमेरिकाको सिलिकन भ्यालीमा फेरि एकपटक ठूलो हलचल देखिएको छ । सोसल मिडिया प्लेटफर्म ट्वीटर (हालको एक्स) का सह-संस्थापक ज्याक डोर्सीले आफ्नो वित्तीय प्रविधि कम्पनी बल्क इंकमा कर्मचारी कटौतीको आश्चर्यजनक कदम चालेका छन् ।

जस अनुसार कम्पनीले करिब ४ हजार जना कर्मचारीलाई जागिरबाट हटाएको छ । यो भनेको उक्त कम्पनीका कुल कर्मचारीहरुको करिब ४० प्रतिशत हो । अनौठो त के भने सो कम्पनी कुनैपनि आर्थिक संकटमा नरहेको भए पनि सिइओ डोर्सीले हजारौँ कर्मचारी हटाएका हुन् । स्वयं ज्याक डोर्सीले नै कम्पनी घाटामा नरहेको भन्दै आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को बढ्दो प्रयोगका कारणले गर्दा अब कम जनशक्तिबाट बढी काम सम्भव भएको बताएका छन् । सोही कारण देखाउँदै कम्पनीले ठूलो मात्रामा कर्मचारी कटौती गरेको हो ।

सामान्यतया प्रविधि कम्पनीहरूले कर्मचारी कटौती गर्दा लागत कटौती, आर्थिक मन्दी वा पुनर्संरचनाजस्ता कारण देखाउने गर्छन् । तर बल्क कम्पनीले यसपटक स्पष्ट रूपमा एआई नै कर्मचारी कटौतीको मुख्य कारण भएको स्वीकार गरेको छ । प्रविधि अत्यन्त तीव्र गतिमा परिवर्तन भइरहेको र समयमै एआईलाई अबलम्बन गर्न नसक्ने कम्पनीहरू पछि पर्ने ज्याक डोर्सीले बताएका छन् ।

बल्क कम्पनीले हाल आफ्नो कार्यप्रणाली र व्यवसायिक मोडेललाई एआई केन्द्रित बनाउँदैछ । कम्पनीले क्यास एप र स्क्वायर जस्ता लोकप्रिय सेवाहरू सञ्चालन गर्छ, जहाँ अटोमेसन र एआईको प्रयोग निरन्तर बढिरहेको छ ।

**सेयर बजारको सकारात्मक प्रतिक्रिया तर कर्मचारीका लागि झट्का**

कर्मचारी कटौतीको निर्णय बाहिरि एसँगै शेयर बजारमा सो कम्पनीको शेयर मूल्यमा तीव्र उछाल देखियो । रिपोर्टअनुसार सेयर मूल्य करिब २० देखि २५ प्रतिशतसम्म बढेको छ । एआईको प्रयोगले लागत घट्ने र दीर्घकालमा नाफा बढ्ने विश्वास लगानीकर्ताहरूमा छ ।

तर कर्मचारीहरूका लागि भने यो निर्णय निकै पीडादायी बनेको छ । एकैचोटि हजारौँको रोजगारी गुम्दा प्रविधि क्षेत्रभर चिन्ता बढेको छ । पछिल्ला वर्षहरूमा विश्वभर प्रविधि कम्पनीहरूले कर्मचारी कटौती गर्दै आएका छन् । तर यसपटक भने एआईलाई कर्मचारी कटौतीको कारकका रूपमा प्रस्तुत गरिनु विशेष चासोको विषय बनेको छ ।

उता कम्पनीका सिइओ ज्याक डोर्सीले भने जागिर गुमाएका कर्मचारीहरूलाई नियमअनुसार क्षतिपूर्ति र केही समयसम्म आर्थिक सहयोग उपलब्ध गराइने बताएका छन् । विभिन्न देशका श्रम कानुन फरक भएकाले उक्त सहयोग प्याकेज पनि कर्मचारीको देशअनुसार फरक हुन सक्ने बताइएको छ । ज्याक डोर्सीको कम्पनी ब्लकको पछिल्लो कदमले एउटा गम्भीर प्रश्न उठाएको छ: के एआले वास्तवमै मानिसहरूको रोजगारी खोस्दैछ ? विज्ञहरूका अनुसार एआईले रोजगारी पूर्णरूपमा समाप्त गर्दैन । बरू कामको स्वरूप परिवर्तन गर्छ । दोहोरिने र नियमित प्रकृतिका कामहरूमा एआइको प्रयोग तीव्र रुपमा विस्तार भइरहेको छ । तथापि यो निर्णयले आगामी दिनमा अन्य कम्पनीहरू पनि यस्तै दिशातर्फ जान सक्ने संकेत दिएको विश्लेषण हुन थालेको छ ।

## स्वास्थ्य

# महिनावारीमा कालो रगत आउनु कति सामान्य, कति खतरा ?



सामान्यतया महिनावारीको रगत रातो वा गाढा रातो हुन्छ । तर, कहिलेकाहीँ रगत कालो वा खैरो देखिँदा धेरै महिलाहरूमा चिन्ता र डर पैदा हुने गर्छ । के यो सामान्य हो वा कुनै स्वास्थ्य समस्याको संकेत हो त? स्वास्थ्य विज्ञहरूका अनुसार महिनावारीको र गतको रङ शरीरभित्र हुने प्रक्रिया, हर्मोन र र गत बग्ने गतिमा निर्भर हुन्छ ।

**महिनावारीको रगत कालो किन देखिन्छ ?**

रगत लामो समयसम्म गर्भाशय वा योनीभित्र बसेर अक्सिजनको सम्पर्कमा आउँदा यसको रङ गाढा वा कालो हुन्छ । यसलाई विज्ञानको भाषामा 'अक्सिडाइज्ड ब्लड' भनिन्छ । धेरैजसो अवस्थामा महिनावारी सुरु हुने पहिलो दिन वा अन्तिम दिनतिर यस्तो रङ देखिनु सामान्य भएको स्वास्थ्य विज्ञहरूले बताएका छन् । तर, लगातार कालो रगत मात्रै देखिइरहेमा भने डाक्टरसँग परामर्श गर्नुपर्ने विज्ञहरूको भनाइ छ ।

विज्ञहरूका अनुसार निम्न अवस्थामा महिनावारीको रगत कालो देखिन सक्छ:

- रगत बग्ने गति ढिलो हुँदा ।
- कम फ्लोका कारण रगत गर्भाशयमा लामो समय अड्किँदा ।
- शरीरमा हर्मोनको असन्तुलन हुँदा ।
- महिनावारी ढिलो गरी हुँदा ।

**कालो रगत आउनुलाई सामान्य मान्ने कि खतरा ?**

एक-दुई दिन कालो रगत देखिनु सामान्य हुन सक्छ । तर, निम्न लक्षण देखिएमा तुरुन्त डाक्टरलाई देखाउनुपर्ने विज्ञको सुझाव छ:

- लगातार कालो रगत बगिरहनु ।
- योनीबाट दुर्गन्ध आउनु ।
- महिनावारीका बेला असामान्य रूपमा पेट दुख्नु ।
- असामान्य डिस्चार्ज हुनु ।

यी लक्षणहरू गर्भाशयको भित्री तहमा समस्या भएको, कुनै ब्लकेज भएको वा संक्रमण भएको संकेत हुन सक्छन् ।

**कालो रगतसँगै रगतका ढिक्का किन देखिन्छन् ?**

कालो रगतसँगै ढिक्का देखिनुको अर्थ रगत लामो समयसम्म गर्भाशयमा बसेर डल्ला परेको हो । धेरै ब्लिडिङ हुने बेला वा अनियमित महिनावारी भएको बेला यस्तो हुनु सामान्य मान्न सकिन्छ । तर, यो समस्या लगातार रह्यो भने गर्भाशयमा गाँठो, हर्मोनको समस्या वा गर्भाशयको भित्री तहको असामान्यता हुन सक्छ । धेरै दुखाइ, कमजोरी र अत्यधिक ब्लिडिङ भयो भने तुरुन्त प्रसूति तथा स्त्रीरोग विशेषज्ञलाई देखाउनुपर्छ ।

**के यो कुनै संक्रमण वा रोगको संकेत हो ?**

लगातार कालो रगत देखिनु पेल्भिक संक्रमण, यौन सम्पर्कबाट सर्ने संक्रमण वा योनी संक्रमणको संकेत पनि हुन सक्छ । यदि कालो रगतसँगै दुर्गन्ध आउने, पेटको तल्लो भाग दुख्ने र असामान्य डिस्चार्ज देखियो भने गर्भाशयको भित्री तहमा संक्रमण भएको बुझ्नुपर्छ । हर्मोन असन्तुलन वा पीसीओएस भएको अवस्थामा महिलाको ओभुलेसन अनियमित हुन्छ । यसले गर्दा महिनावारी ढिलो हुने, फ्लो अनियमित हुने र धेरै क्लोट्स आउने हुन सक्छ, जसका कारण रगत कालो देखिन्छ ।

**के गर्भपतन हुँदा पनि कालो रगत देखिन सक्छ ?**

सुरुआती वा अधूरो गर्भपतनको अवस्थामा रगत र टिस्यु लामो समय गर्भाशयमा अड्किएर बाहिर निस्कँदा रगत कालो देखिन सक्छ । यस्तो अवस्थामा बेस्सरी पेट दुख्ने, अत्यधिक ब्लिडिङ हुने, टिस्युजस्ता क्लोट्स आउने र कमजोरी महसुस हुने हुन्छ । गर्भवती महिलामा यस्ता लक्षण देखिएमा तुरुन्त डाक्टरसँग सम्पर्क गर्नुपर्छ । रगतको रङले सीधै प्रजनन् क्षमता कस्तो छ भनेर बताउँदैन । तर, यसले हर्मोनको सन्तुलन र गर्भाशयको स्वास्थ्यको बारेमा संकेत दिन्छ, जसले कालान्तरमा प्रजनन् क्षमतामा असर पार्न सक्छ । तसर्थ, अस्वाभाविक परिवर्तन महसुस हुनासाथ चिकित्सकीय सल्लाह लिनु नै उत्तम हुन्छ ।

## साहित्य

सामाजिक कथा

# जीवनका मोडहरू



✍राजेश अधिकारी

जीवनका कुनै मोडहरुमा कुलिन भट्ट दम्पतीले आफ्ना छोराछोरीलाई सुखी राख्न कुनै कसर बाँकी राख्दैनथे । गाउँमा शान शौकत र इज्जतको बास बसेको त्यो ऐस्वर्य घरमा एकदिन एउटा काल पस्छ र भट्टीनीलाई चुँडाएर लैजान्छ । सह र ममताकी खानी भट्टीनीको महाप्रस्थानपछि जीवनका सरल मोडहरुले नागबेली मार्गमा बिचरण गर्न थाल्छन् ।

मर्ने बेलामा हरियो काँक्रो भने झैं नातिनातिना खेलाउने उमेरका बिधुर भट्ट बाजेले एउटी छोरीकी उमेरकी उरन्ठ्यौली केटीसँग लगनगाँठो कस्छन् । हक्की बुढाले छोराछोरीको विरोधका बाबजुत श्रीमती बितेको वर्ष दिन नबित्दै कान्छी भित्र्याउँछन् फलस्वरूप छोराछोरी उनीप्रति रुष्ट हुन्छन् । सौतेनी आमाले घरमा पाइलो हालेको दिनदेखि नै परिवारमा कलह सुरू हुन्छ । एकातिर छोराबुहारीको सौतेनी आमासँग ठ्याकै नमिल्ने र अर्कातिर बुढाले पनि स्वास्नीको बाहेक अरुको कुरै नसुन्ने भएकाले त्यो शान्त घरमा अशान्तिले गुँड लगाउन थाल्छ । सधैंको घरायसी कचिंगल र पारिवारिक बेवास्ताले दिग्दार भएर तरुनी भट्टपुत्री सुन्तली पनि एउटा अजात केटासँग पोइला जान्छे तदुपरान्त परिवारका कसैद्वारा पनि उसको खोजिनीति गरिदैन ।

बाबुको मनमानीले दिक्क भएर छोराबुहारी पनि छुटिएर बस्छौं भन्न थाल्छन् । धेरै सम्पति देखेर बुढासँग लेपासिएकी तरुनी स्वास्नीको मुतमा बगेका बुढाले छोराबुहारीलाई थोरैतिनो अंश दिएर छुट्याइदिन्छन् र केही जग्गाजमिन कान्छीको नाममा पास गरिदिन्छन् । छुटिएर बसेका छोराबुहारीको मुलघरमा आवत जावत हुनु त परै जाओस बाबुआमासँग तिनीहरुको सम्बन्ध पानी बाराबारसम्मको हुन्छ । बैतर्नी तर्ने बेलामा पात्तिएका बुढा स्वास्नीको मोहजालमा जकडिएर छर-छिमेकी र आफन्तबाट विमुख हुन पुग्छन् । एकातिर असन्तुस्ट भएर लाखापाखा लागेका छोराछोरीको चिन्ताले भित्रभित्रै गलेका बुढालाई बुढेसकालमा आफू एक्लै परिएला कि भन्ने चिन्ताले भित्रभित्रै कुटुकुटु खान थाल्छ भने अर्कातिर बैँशालु स्वास्नीले भएजति सम्पति गुर्मुक्याएर आफूलाई घरको न घाटको बनाउँली कि भन्ने त्रासले बुढा बेचैन हुन पुग्छन् ।

यस्तैखाले पिरोलोको जाँतोमा पिसिएका बुढाले कान्छी खुशी होस् र आफूलाई मरणोपरान्त नछोडोस भनेर बैंशालु पत्नीलाई हरदम खुशी राख्ने प्रयास गर्छन् । कहिले बुढाले जग्गा बेच्दै कान्छीलाई गरगहना बनाइदिन्छन् त कहिले शहरतिर घुमाएर महंगा कपडा किनिदिन्छन् । पुल्पुल्याइएकी कान्छी र सन्तानप्रति बेपर्वाह भट्ट बाजेको दिनचर्या एनकेन प्रकारेण मोजमस्तीमै बित्दै जान्छ ।

बाबुसँग छुटिएको अकडो स्वभावको ठुले अंशमा पाइएको सानो टुक्रो खेतको बीचमा एउटा झुप्रो हालेर बसेको हुन्छ । छुटिनुअघि गरीबीको अनुभव नगरेको ठुलेलाई आफ्नी फरासिली र बाठी पत्नीले धेरै माया गर्दछे । आफ्नो जमिनको उब्जनीले ती जोइपोईलाई वर्षको छ महिना पनि भरपेट खान पुग्दैन । अभावग्रस्त जीवन जिइरहेका संघर्षरत ठुलेठुली बाँच्नको लागि कहिले बनिबुतो गर्छन् त कहिले मजदुरी गर्न वाध्य हुन्छन् ।

विवाहपश्चात लामो समयसम्म सन्तान नभएर दुखी भएका ती जोडीको झुप्रोमा छोरी जन्मेसँगै खुशीका लहरहरू प्रवेश गर्दछन् । सधैं छायाँसरी सँगसँगै काम गर्ने स्वास्नी सुत्केरी भएदेखी एक्लो परेको ठुलेलाई बस्तुभाउ र घरखेतको कामधन्दाले भ्याइ नभ्याई हुन्छ । सुत्केरी भएको महिना दिनपछि ठुली पनि शिशुलाई स्याहार्दै बस्तुभाउ र घरको कामधन्दामा हात बटाउन थाल्छे । ठुले दिनभरि खेतमा काम गरेर बेलुका घर फिर्ने गर्छ । साँझपख भाततिहुन पकाइसकेर छोरी पुतलीलाई पिठ्युँमा च्यापेर लोग्नेलाई कुरिरहेकी ठुली टुकीको घुमैंलो प्रकाशमा घाँसको भारी बिसाइरहेको ठुलेलाई आँगनमा देखेर मुस्काउन थाल्छे । आमाबाबुको मुस्कानजन्य मुखाकृति देखेर पुतली पनि सुँडो पसारेर मुस्काइदिन्छे । लोभलाग्दो बाल मुकानले लठ्ठिएर ठुलेठुली आफ्ना व्यथाहरू एकछिनको लागि बिर्सदै पुलकित हुन पुग्छन् । समयको बहावसँगै अँध्यारो झुपडीकी चिराग पुतली पनि टुकुटुकु हिंड्न थाल्छे । दिन बित्दै जान्छ,ठुलेलाई परिवारको जिम्मेवारी पनि थपिदै जान्छ । थोरैतिनो जमीन खनिखोस्री गरेर परिवारको गुजारा नचल्ने देखेर ठुले मजदुरी गर्न मुग्लाङतिर जान कसिन्छ ।

एक दिन बिहान ठुले झोली-तुम्बा बोकेर रोजगारीको लागि बाहिर निस्कन्छ । ठुलीले गहभरी आसुँ पार्दै मुग्लाङ जान लागेको आफ्नो खसमलाई बिदाइ गर्छे । सुँक्सुकाइरहेकी पुतलीले हिडिरहेको बाबुलाई ओझेल नहुञ्जेलसम्म हेरिरहन्छे । ठुले गएको दुई वर्ष बितिसक्दा पनि ऊ घर फर्कदैन । हरदम खसमको बाटो हेरेरहेकी ठुलीको नाममा एकदिन एउटा कम्पनीको चिठी आउँछ जसमा खानीमा काम गर्दा गर्दै दुर्घटनामा परेर ठुलेको मरण भएकाले क्षतिपुर्ती लिन नीजकी श्रीमतीले यस कार्यालयमा तुरुन्तै सम्पर्क राख्नुहोला भनी लेखिएको हुन्छ । चिठी पढिसकेपछि ठुलीलाई चक्कर लाग्छ र ऊ चिच्याउँदै आँगनमा ढलेर बेहोस हुन्छे । आमा ढलेको देखेर पुतली कहालीएर रुन थाल्छे । आकाशमा कालो बादल मडारिन थाल्छ अनि झुपडीको भुइँतलामा बाँधेका गाईबस्तुहरू ड्वाँ गर्न थाल्छन् । झुपडीमा भएको खलबल सुनेर वरिपरिका छिमेकीहरू त्यहाँ भेला भई आमाछोरीलाई सम्हाल्छन् ।

जवानीमा पारिवारिक उपेक्षा र बेवास्ताले बिक्षिप्त बनेकी ब्राह्मणपुत्री सुन्तली जीवनका घुमाउरा मोडहरू छिचोल्दै एउटा आरन चलाएर जीविकोपार्जन गर्ने कामी परिवारकी बुहारी बन्न पुग्छे । जातभेदी समाजले अछुत मानेको त्यो कामी परिवारले सुन्तलीको पोल्टोमा माया ममताको दरिलो पुन्तुरो थमाइदिएको हुन्छ । आफ्ना रहर र भावनाहरू बुझ्ने जन्मदात्री गुमेपछि भित्र भित्रै टुटेकी सुन्तलीले सासूससुराबाट छोरीको झैं माया पाएकी हुन्छे । माया गर्ने श्रीमान र सुमधुर पारिवारिक माहोल पाएकी सुन्तलीले आफ्नो तीतो अतित बिस्तारै भुल्दै जान्छे । जीवनका मोडहरू बोक्ने समयका पैयाँहरू घुम्दै जान्छन् र परिवेशहरू ऋतु झैं बदलिरहन्छन् ।

यही क्रममा सुन्तलीको कोखबाट छोरीको जन्म हुन्छ । छोरीचेली नभएको घरमा लक्ष्मी स्वरूपी पुत्रीरत्न प्राप्तिले गर्दा कामी परिवारमा खुशीयाली छाउँछ । गौन्थली नामाङ्कित नवजात शिशुको नुहारनको दिन कामी परिवारले आफन्तहरुलाई भोजभतेर खुवाएर हर्ष बढाईं गर्छ । सबैजना नाचगानमा झुमिर हेको बेला रोइरहेकी मैलीधैली बच्ची सहितकी एउटी थाङ्ने आइमाई त्यहाँ आएर खानेकुरा माग्न थाल्छे ।

हुलियाले अर्धपागल वा मगन्ते देखिने ती स्त्रीलाई देखेर उपस्थित सबैले छि दूर गर्दै त्यहाँबाट धपाउन खोज्छन् । मान्छेको उल्लासमय जमघटभित्र अटाउन नसकेकी एउटी त्रसित र निरीह नारी भोकले छट्पटाइरहेकी आफ्नी सन्तानलाई सुमर्दै सुक्सुकाउन थाल्छे । ती नारीको क्रन्दनयुक्त भक्कानो देखेर सुन्तली आफ्नो अतित सम्झदै विव्हल बन्छे । टपरीभरी खानेकुरा बोकेर छचल्किएका आँखाहरू लिएर सुन्तलीका पाइलाहरू ती धसिंगरे आमाछोरीतिर बढ्छन् । लट्टे कपालभित्र कटकटिएका अनुहारभित्रका ती आशामुखी बिवस आँखाहरुले सुन्तलीलाई नियालिरहन्छन् । खानेकुराको टपरी मगन्तीको थर्थराइरहेको हातमा राखिदिए पछि दुवैका आँखाहरू चार हुन पुग्छन् । हन्तकाली झैं खाना खाइरहेकी ती नारीको अनुहार नियालिरहेकी सुन्तली अचानक रुन थाल्छे र 'भाउजू भन्दै उसलाई अंकमाल गर्न पुग्छे ।

यस्तो अकल्पनीय नजाराले ट्वाँ परेका निम्तालुहरू बीच सुन्तलीका पति र सासूससुरा किंकर्तव्यमुढ बन्न पुग्छन् । यथार्थमा ती पतिवियोगले अर्धपागल बनेकी महिला अरु कोही नभएर अलपत्र परी यत्रतत्र भौन्तारिरहने सुन्तलीकी साख्खे भाउजू ठुली हुन्छिन् । ठुलीको हालत देखेर सुन्तलीका सासूससुरा र पतिका आँखा रसाउँछन् । कथित सानो जात मानिएको तर ठुलो दिल भएको महान कामी परिवारले ती बेसहाराहरुलाई आफ्नो घरमा सदाको लागि आश्रय दिन्छन् ।

जिन्दगीहरूका आ-आफ्नै डम्फू बजिरहन्छन् । जीवनका पलहरू सुखदुखका आरोह-अवरोह छिचोल्दै गुज्रिरहन्छन् । यस धर्तीमा कर्मको फल दिने समय सात्र्रणीका हुरीहरू अन्धाधुन्द मडारिरहन्छन् । बुढाको इतिश्री आफ्नो नाममा पारिसकेपछि एक साँझ पक्षघात भएर महिनौंन्देखि ओच्छ्यान परेका श्रीहीन बाजेलाई वेश्याहार पारेर पहिल्यैदेखि चोचोमोचो जोडिएको एउटा जवान लाहुरेसँग कान्छी पोइला जान्छे ।

दिन ढल्दै जान्छ, साँझ छिप्पिदै जान्छ । जूनका किरणहरू झ्यालबाट घरभित्र छिरेर एक्ला भट्ट बाजेलाई नियालिरहन्छन् । बुढेसकालमा रोगी र असक्त भै गुहुमुतमा डुबिरहेका भट्ट बाजे कलेटी परेका ओठहरू कमाउँदै भक्कानिन थाल्छन् । उनका लोलाएका आँखाहरुमा त्यो सुखद अतितको चित्र घुम्न थाल्छ । उनका रसिला आँखाहरुमा आफ्नी माया गर्ने दिवंगत जीवनसंगिनी,प्यारी छोरी र छोराबुहारीसँग रजगज गर्दै बिताएका सुखद पलका छायाँहरू नाच्न थाल्छन् । उनी आफ्नो बिगतका इज्जतिलो शान शौकतमा रमेका स्वर्णिम पलहरुसँग वर्तमानको दयनीय अवस्था दाँज्दै रुन थाल्छन् । पुन उनको दृष्टिपटमा धोकेबाज कान्छीको कुरूप अनुहार मडारिन थाल्छ । कृतघ्न कान्छीलाई सम्झेर क्रोधित बन्दै उठ्न खोज्दा बुढाको रुग्ण शरीर बिस्तराबाट भुइँमा बजारिन्छ । उनी उठ्न खोज्छन् तर सक्दैनन् । मुखबाट रगत छाद्दै उनी गुहार माग्छन् तर उनको पुकार कसैले सुन्दैन । उनी अचेत हुन्छन् अनि सदाको लागि आँखा चिम्लन्छन् । पुगिसरी हुँदा आफ्नालाई बेवास्ता गर्दै पराई पोस्ने स्वार्थी मानवचोलाको मृतदेहलाई अन्धमुस्टी चिसो रातमा झ्यालबाट छिरेका सिरेटा र मानवरहित मौनताहरुले अन्तिम श्रद्धाञ्जली दिन्छन् बिधीको विधान भनौं या दैवको खेल, बिखन्डित परिवारका बेखबर जिन्दगीहरू जीवनका आ-आफ्नै मोडहरुमा दुगुरिरहन्छन् ।

## घर-देशको सम्झना

✍डीग बहादुर तामाङ

परदेशको भीडभाडमा मन किन यति एक्लिन्छ,
आफ्नै देशको आकाशले आँखाभरि भरिन्छ।

टाढा बसे पनि घरको ढोका मनमै उभिन्छ,
आमाको मधुर बोलाइले फदयभित्रै बगिन्छ।

पहाडका हरिया डाँडामा बाल्यसपना टल्किन्छ,
खोलाकै छेउ खेलिएका ती दिनहरू झल्किन्छ।

साथीहरूको हाँसो-खेलले मन फेरि जागन्छ,
लुकेको बालक भित्रैबाट उठेर बोल्न थाल्छ।

बारीको हरियालीले बिहानै मन रमाउँथ्यो,
बाख्रा चराउने बाटोले जीवनको स्वाद दिन्थ्यो।

चुलोको धुवाँसँगै उठ्थ्यो घरको तातो माया,
परदेशी चिसो हावाले त्यो स्पर्शै पाउन पायो।

बाबुको कठोर हातले दिएको बल सम्झिन्छ,
आमाको मीठो मुस्कानले आँसु फेरि झर्छ।


देशका पाखा-डाँडाले टाढाबाटै बोलाउँछन्,
हिउँदको रातका ताराले गाउँकै याद दिलाउँछन्।

परदेशले धेरै सिकायो, तर धेरै कुरा हरायो,
घरको माया अपनत्वले मनलाई सधैं तान्यो।

देशको माटोको गन्धले फदयभित्र छाप बसायो,
सम्झनाको उज्यालोले मनमा दियो बलायो।

फर्कने आशाले नै दिनहरूलाई अर्थ दिन्छ,
दूरी कति भए पनि घर-देशले मन बाँधिरहन्छ।

## चित्रकला





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# भ्रष्टाचार र बेथिति विरुद्ध मतदाताले बजाएको घण्टी



काठमाडौं/डेढ वर्षअघि, प्रतिनिधिसभा बैठकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले एउटा गम्भीर प्रश्न उठाए । ११ असार २०८१ मा उनले सदनमा पोखेको आक्रोश थियो- 'प्रधानमन्त्री पुष्पकमल दाहालको संरक्षणमा राजस्व अनुसन्धान विभागका महानिर्देशक चक्रबहादुर बुढाले व्यापारीहरूसँग पैसा उठाइरहेका छन् ।' त्यसको दुई सातापछि दाहाल नेतृत्वको सरकार ढल्यो, कांग्रेसको समर्थनमा केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्यो । तर, ती महानिर्देशक राजस्व अनुसन्धान विभागमै रहे, आफ्नो दल सत्तामा पुगेपछि खतिवडाले महानिर्देशक बुढामाथि प्रश्न उठाएनन्, चुप बसे । नयाँ बनेको सरकार पुरानो बेथितिमाथि मौन बस्यो ।

दाहाल प्रधानमन्त्री भएपछि उनकी छोरी गंगा दाहाल स्वकीय सचिव भइन् । अनेक शंकास्पद व्यक्तिसँगको भेटघाट र सन्दिग्ध गतिविधिमाथि प्रश्न उठ्यो । त्यसपछि ओलीले छोरी गंगालाई सचिवालयबाट अलग गरेको घोषणा गरे । तर, संसद्मा पर्याप्त प्रश्न उठेन, तैं चुप, मै चुप भयो । ओली सरकारमा अजयकुमार चौरसिया कानुनमन्त्री थिए । अदालतमा विचाराधीन मुद्दाबारे दबाब दिन न्यायाधीशहरूलाई खुलमखुला फोन गराउन उनले तराईतिरका न्यायाधीशहरूलाई आतंकित नै बनाएका थिए ।

रौतहट बम प्रकरणमा मोहम्मद आफताब आलमले सफाइ पाउँदा भएको चलखेलमा उनको पनि नाम जोडियो, तर आफ्ना मन्त्रीमाथि आचरणमा प्रश्न उठेका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै 'एक्सन' लिएनन् । हुन त घुस प्रकरणमा मुछिएका मन्त्रीद्वय राजकुमार गुप्ता र बलराम अधिकारीलाई पनि ओलीले सकेसम्म जोगाएकै थिए । विमानस्थलस्थित अध्यागमन कार्यालयबाट नागरिकहरूलाई भिजिट भिसामा विदेश पठाउँदा असुलीधन्दा चलाएको र त्यसबापत हुने आर्थिक लाभ गृहमन्त्री रमेश लेखकसम्म पुगेको भनी संसद्मै प्रश्न उठ्यो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसदहरूले लेखकको राजीनामा मागे ।

प्रधानमन्त्री ओलीको प्रभावमा परेका सभामुखले संसद्मा विपक्षीको आवाज कायम रहन दिएनन् भन्ने आरोप लाग्यो । विपक्षीले प्रश्न गरिरहेका बेला जबरजस्ती संसद् बैठक अघि बढाउनु गलत थियो भनी उनीमाथि प्रश्न नउठेको होइन । अन्ततः लेखकमाथिको प्रश्न गुपचुप पारियो । सरकारले विवादास्पद पृष्ठभूमिका पूर्वमुख्यसचिव शंकरदास बैरागीको नेतृत्वमा समिति बनायो । र, अख्तियारले पनि अनुसन्धानलाई गति दिएन । जेनजी आन्दोलनपछि मात्रै सहसचिव तीर्थराज भट्टराई लगायतलाई त्यो घटनामा मुद्दा चलाइएको छ । अख्तियारको दाबीमा, पूर्वमन्त्री लेखकमाथि अनुसन्धान चलिरहेको छ ।

विगतका बेथिति भुल्ने हो भने पनि मंसिर २०७९ को प्रतिनिधिसभा निर्वाचनपछिका तीन वर्षमा प्रमुख तीन दल सत्तामा रहँदा नीतिगत तहको संलग्नतामा भएका अनियमितता र बेथितिको लामो फेहरिस्त बन्छ । माओवादी केन्द्र, एमाले र कांग्रेसले आपसमा मिलेर पालैपालो गठन गरेका सरकारका पालामा अनेक अनियमितता भए । तर, न प्रतिपक्षी दलले बेथितिमाथि प्रश्न उठाउन सके, न संसद्मा नै प्रभावकारी खबरदारी भयो । तीन वर्षमा उनीहरूका गतिविधि र विकृति जनताको नजरमा भ्रष्टाचार नै थिए । यत्ति हो कि, सडक र मतमार्फत प्रकट भएको थिएन ।

'स्थापित पुराना दलहरूमा नराम्रा र भ्रष्ट नेताहरू हावी भए, राम्रा र आशलाग्दा नेताले ती पार्टीमा पकड जमाउन सकेनन्,' चिकित्सा शिक्षामा फैलिएको बेथितिबारे आवाज उठाइरहेका डा. गोविन्द केसी भन्छन्, 'जनतामा त्यो प्रवृतिविरुद्ध निकै वितृष्णा भएको रहेछ, मतपेटिकामा त्यसैको आक्रोश पोखेका हुन् ।'

**बेथिति आडमा बेथितिकै मलजल**

२ सय ७५ सिटको प्रतिनिधिसभामा माओवादी केन्द्रलाई जनताले ३२ सिट दिनुको सोझो अर्थ प्रतिपक्षमा पठाउनु हो । तर, आफूसँग म्याजिक नम्बर भएको दाबी गर्दै प्रचण्ड प्रधानमन्त्री मात्रै बनेनन् । २३ सदस्यीय मन्त्रिमण्डलमा चार जना उपप्रधानमन्त्री बनाएका थिए । कतिसम्म भने, भ्रष्टाचार मुद्दा खेपिरहेका र स्वार्थको द्वन्द्व हुने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सांसद विक्रम पाण्डेलाई सहरी विकासमन्त्री बनाएर प्रचण्डले 'सुशासन सुरुवात' गरेका थिए । जनताले महसुस गर्ने गरी सेवा प्रवाह रूपान्तरण गर्ने घोषणा गरेका उनको सत्ता हनिमुन नै फिका भएको थियो ।

सत्तामा टिकिरहन दाहालले कहिले कांग्रेसलाई सत्तामा ल्याएर एमालेलाई बाहिर पठाउने त कहिले एमालेलाई सत्तामा ल्याएर कांग्रेसलाई बाहिर धकेल्ने गरिरहे । विगतमा नै लडाकुहरूको भत्ता बाँड्दा अनियमितता भएको आरोप खेपिरहेका उनले अयोग्य लडाकुलाई २ लाखका दरले दिने अर्को विवादास्पद निर्णय गरेका थिए । विरोध भएपछि मात्रै त्यो रोकिएको हो । राजनीतिक दलहरू कतिसम्म आ-आफ्नो स्वार्थमा केन्द्रित थिए र मुलुकका मुलभूत एजेन्डामा चिन्तित थिएनन् भन्ने उदाहरण हो- तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको महाभियोग ।

अघिल्लो कार्यकालमै महाभियोग लागेपछि प्रतिनिधिसभाले न उनलाई दोषी ठहर गर्‍यो, न उनीविरुद्धको प्रतिवेदन अस्वीकार नै गर्‍यो । मुलुकको न्यायपालिका प्रमुखमाथि लागेको संगीन आरोपमा मौन बनेर सांसदहरूले जनप्रतिनिधिमूलक थलोलाई निकम्मा बनाइरहेका थिए । अहिलेसम्म पनि त्यो प्रस्ताव र प्रतिवेदन प्रतिनिधिसभामा अलपत्र छ ।

**बिचौलिया बिगबिगी**

नेपाल टेलिकमका एक उच्चपदस्थ अधिकारीले टेलिकमको बिलिङ ठेक्कामा कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणा, उनका छोरा जयवीर संलग्न भएको र त्यसक्रममा सञ्चार सचिव डा. बैकुण्ठ अर्याल समेत संलग्न भएको भनी अख्तियारमा अडियो टेपसहित उजुरी बुझाए । तर, अख्तियारले उनीहरूमाथि अनुसन्धान गरेन । बरु सत्ता साझेदार देउवा पत्नीको दबाबमा प्रचण्डले तिनै अर्याललाई अवकाश हुनुभन्दा दुई दिनअघि मुख्यसचिव बनाए । आफू सत्तामा भएका बेला निजामती प्रशासनको अविभावक समेत मानिने मुख्यसचिवमाथि भ्रष्टाचार मुद्दा चल्दा प्रचण्डले कुनै प्रतिक्रिया दिएनन्, नैतिकताको अपेक्षा त टाढाको कुरा भयो ।

भ्रष्टाचारका घटना लुकाउनेदेखि अपराधमा संलग्नलाई उन्मुक्ति दिने श्रृंखलाबद्ध क्रियाकलाप भएका थिए । नेपालगञ्जमा खुँडा प्रहार गरेर व्यक्तिहत्या गर्ने रिगल ढकाललाई कैदमुक्त गर्दा तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले कुनै जिम्मेवारी लिएनन्, रक्षामन्त्री पूर्णबहादुर खड्का पर्दा पछाडि खेलेका थिए । धनराज गुरुङ अघिल्लो पटक निर्वाचित हुँदा धाँधली गरेको आरोप लागेको थियो । आफू कानुनमन्त्री बनेपछि उनले निर्वाचनका बेला निर्वाचन अधिकृतलाई प्रक्रिया मिचेर जिल्ला न्यायाधीश बनाए । त्यतिबेला विपक्षीहरू मौन थिए, संसद्मा कुनै प्रश्न गरेनन् । हो, ठिक त्यही बेला नक्कली शरणार्थी प्रकरण सतहमा आयो । नेपालीलाई नक्कली शरणार्थी बनाएर विदेश पठाउने त्यो घटनामा पूर्वगृहमन्त्री बालकृष्ण खाँडदेखि पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी अनुसन्धानको दायरामा परे । र, मुद्दा पनि चल्यो ।

तर, त्यही घटनामा नाम मुछिएका आरजु देउवामाथि कुनै अनुसन्धान भएन, खाँडकी पत्नी मञ्जुमाथि सोधपुछसम्म गरिएन । अनि, आरोपितहरूले पैसाको थैलो गाडीमै लगेर हालिदिएको भनी बयान गर्दासमेत अख्तियार प्रमुख प्रेमकुमार राई अनुसन्धानमा तानिएनन् ।

सत्तामा रहेका दलका नेताहरूले राजनीतिक दबाब र प्रभावमा अनुसन्धान प्रभावित पार्ने प्रयास त गरे नै, मुद्दा खेपिरहेका नेताहरूलाई छुटाउन न्यायालयसम्म कसरी दबाब दिएका थिए भन्नेबारे जनता बेखबर थिएनन् । कांग्रेस सभापति शेरबहादुर देउवाले बालकृष्ण खाँडलाई थुनामुक्त गराउन न्यायालयभित्र गरेको चलखेलको प्रयास कतै छिपेको थिएन ।

ठिक त्यति नै बेला 'बेचन झा' पक्राउ परेपछि एकाएक राजनीतिक घटनाक्रम विकसित भयो । कांग्रेस सभापति देउवा दम्पती बालकोट पुगे र केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा समर्थन गर्न तयार भए । त्यसपछि संसद्का दुई ठूला दलबीच समीकरणमा झन्डै दुई तिहाइको सरकार बनेको हो । विगतका कयौं घटनाले आमनागरिकलाई आक्रोशित बनाएको थियो । कोरोना महामारीका बेला स्वास्थ्य सामग्री खरिद विवादमा मुछिएका मन्त्री भानुभक्त ढकाल पशुपति जलहरी प्रकरणमा पनि जोडिएका थिए, तर सत्ताको आडमा उनी अनुसन्धानमा परेनन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालको गिरीबन्धु टि स्टेट्स प्रकरण पनि सतहमा आयो, जुन नीतिगत भ्रष्टाचारको नमुना थियो, तर राज्यका अरू निकायबाट अनुसन्धान हुन सकेन । संसद्मा प्रश्न उठाउनेहरूले त्यसलाई औपचारिक विरोधको माध्यम मात्रै बनाए, निष्कर्षमा पुर्‍याउन सकेनन् । पूर्वसचिव शारदाप्रसाद त्रितालको विचारमा आम जनमानसमा काठमाडौं महानगरपालिकाका मेयर बालेन साहलाई तत्कालीन सरकारले काम गर्न अवरोध गरेको छाप परेको थियो । रवि लामिछाने विरुद्धको मुद्दामा उनीहरूले प्रतिशोध देखेरै ४० लाख जनाको हस्ताक्षर संकलन गरेको उनी बताउँछन् । 'जनतामा फैलिएको आक्रोश सत्तामा बस्नेहरूले नजर अन्दाज गरेको स्पष्टै देखिन्थ्यो, किनभने उनीहरू उन्मत्त भएका थिए,' पूर्वसचिव त्रिताल भन्छन्, 'यो नतिजाले उनीहरूको आँखा खोलिएको हुनुपर्छ ।'

**भ्रष्टाचार संरक्षण**

त्यतिबेला सत्ता संरक्षण हुँदैनथ्यो भने पूर्वमन्त्रीहरू ज्ञानेन्द्र बहादुर कार्की, गोकुल बास्कोटा, मुख्यसचिव डा. बैकुण्ठ अर्यालले टेरामक्स अनियमितता भ्रष्टाचार मुद्दा खेप्नुपर्थ्यो । तर, केपी शर्मा ओली नेतृत्वको सरकारले सत्ता साझेदार कांग्रेसका नेताहरूलाई अप्ठेरो पर्ने परिस्थिति आउन दिएन । अख्तियारमै हस्तक्षेप गरेर अनुसन्धानलाई 'प्यारालाइज' गरिदियो । चौतर्फी प्रश्न खेप्न थालेपछि मात्रै अख्तियारले मोहनबहादुर बस्नेत लगायतमाथि मुद्दा चलाएको हो । अरूलाई संरक्षण गरिएको तर आफूलाई मात्रै मुद्दा चलाउन खोजिएको भनी कांग्रेस सांसद बस्नेतले त्यतिबेला प्रतिनिधिसभामै आक्रोश पोखेका थिए ।

नेपाल वायुसेवा निगमको वाइड बडी जहाज खरिद प्रकरणमाथि यथार्थपरक अनुसन्धान भएको भए सटही सुविधाको निर्णय गर्ने शेरबहादुर देउवा पनि अनुसन्धानको दायरामा तानिने थिए । तर, एकअर्काको बेथितिमा 'तैं चुप, मै चुप' गर्ने स्वभाव देखाएका प्रमुख तीन शीर्ष नेताले एकअर्कामाथि राज्यतहबाट अप्ठेरो पर्ने काम गरेनन् । अख्तियारमा अडियो सहित उजुरी पर्दा पनि नेपाल टेलिकमको बिलिङ प्रकरणमा आरजु देउवा र छोरा जयवीरमाथि अनुसन्धान नहुनु प्रमाणको अभाव होइन, राजनीतिक संरक्षण नै मुख्य कारण थियो ।

'जनता र विपक्षी सांसदहरूले सत्ताको बेथितिमाथि प्रश्न नउठाएका होइनन् नि, तर त्यसको पटक्कै सुनुवाइ भएको देखिएन,' पूर्वसचिव त्रिताल भन्छन्, 'दुई ठूला दलले सत्ता गठबन्धन गर्दासमेत जनताको आकांक्षा सम्बोधन गर्न सकेनन्, बेथिति संस्थागत गरे, युवाहरूले भदौमा त्यसको आक्रोश पोखे, मतदाताले अहिले प्रतिक्रिया जनाए ।' सहकारी ठगी आरोपमा लेखा समिति सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला कोइरालाविरुद्ध मुद्दा चल्यो, तर उनी एकाएक धरौटीमा रिहा भइन् । कतिपयले रौतहटमा मोहम्मद आफताब आलमको सफाइलाई न्यायालयमा भएको राजनीतिक हस्तक्षेपको कारण मान्छन् ।

यतिसम्म कि, विशेष अदालतमा दर्ता भएका टेरामक्स, पतञ्जली लगायत ठूला भ्रष्टाचार मुद्दा दृष्टिगत गरी तत्कालीन गृहमन्त्री रमेश लेखकका नातेदार सुदर्शनदेव भट्टलाई विशेष अदालतको अध्यक्ष बनाइएको थियो । न्याय परिषद् सम्बद्ध स्रोतका अनुसार उनलाई विशेष अदालतमा ल्याउन तत्कालीन प्रधानमन्त्री ओली र देउवाबीच छलफल समेत भएको थियो ।

विवादास्पद व्यवसायीबाट पार्टी कार्यालयका लागि जग्गादान लिने निर्णयदेखि नैतिक चरित्रमा प्रश्न उठेका कृष्णमान प्रधानजस्ता व्यक्तिलाई निर्वाचन आयुक्तमा सिफारिस गर्ने कदमले प्रमुख दलहरूका शीर्ष नेताहरूको चरित्रमा प्रश्न उठेको थियो । कार्यपालिकामा देखिएको बेथितिका कयौं बाछिटा न्यायपालिकासम्म पुगेको थियो, भ्रष्टाचार मुद्दाका कसुरदारहरू सार्वजनिक पदमा निलम्बन नहुने भनी भएको फैसला त्यसको उदाहरण हो ।

**खुलेआम लुटतन्त्र**


यदि सत्तारुढ सांसदहरू र सभामुख देवराज घिमिरेलाई जनताप्रति जवाफदेहिताको आभास हुन्थ्यो भने बहालवाला गृहमन्त्री रमेश लेखकमाथि 'भिजिट भिसा प्रकरणमा मुछिएको र आर्थिक लाभ लिएको' आरोपमा प्रश्न उठ्दा संसद्मा जबरजस्ती हुँदैनथ्यो । रास्वपा सांसदहरूले प्रश्न उठाएर संसद् अवरुद्ध गरिरहँदा सभामुख घिमिरेले सदनको कारबाही अघि बढाए । अन्ततः अख्तियारले विशेष अदालतमै पठाएको विवरणमा पूर्वमन्त्री लेखकमाथि भिजिट भिसा प्रकरणमा अनुसन्धान चलिरहेको पुष्टि भएको छ । मुद्दा चलेको केही महिना बित्दासमेत अख्तियारले अनुसन्धान टुंग्याएको छैन ।

ओली सरकारको पालाका पोखराको लिचीबारी प्रकरण र त्यसमा मन्त्रीहरू राजकुमार गुप्ता र बलराम अधिकारी जोडिएको घटना नीतिगत भ्रष्टाचारका उदाहरण हुन् । गृहसचिव गोकर्णमणि दुवाडीदेखि सहसचिव छवि रिजाल जोडिएको भिजिट भिसा प्रकरणको लेनदेन आरोप टुंगिएको छैन । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रकरणको २ अर्बभन्दा बढीको कर छुट प्रकरण पनि बेथितिको अर्को नमुना हो । अरू त अरू, बहालवाला मन्त्री कुमार इङ्नामले पूर्वमन्त्रीमाथि घुस लिएको आरोप लगाउँदा समेत कुनै अनुसन्धान भएको छैन ।

केही दिनअघि मात्रै ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्रष्टाचार अवधारणा सूचकांक सार्वजनिक गर्दै 'मुलुकको भ्रष्टाचार ज्युँका त्युँ रहेको' निष्कर्ष निकालेको थियो । आर्थिक अपराध र त्यसबाट धन आर्जन गर्ने प्रवृत्ति नियन्त्रण गर्न नसक्दा नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टबाट अझै खतराको सूचीमा पर्ने जोखिम छ । यहाँ उल्लेख भएका सबै घटनालाई पूर्वसचिव त्रिताल जनताको मनभित्र आक्रोश उत्पन्न गराउने कारक ठान्छन् । 'जनताले त्यो कुरा त पटक-पटक विभिन्न माध्यमबाट व्यक्त गरेका थिए, तर सत्ताले सुनेन,' उनी भन्छन्, 'अहिले जनताले मतमार्फत आक्रोश व्यक्त गरेका हुन् ।'

*(स्रोत: अनलाइनखबर)*

# चुनाव हारेपछि निशा भन्छिन्, 'यो अर्को अध्यायको सुरुवात हो'



काठमाडौं/अभिनेत्री तथा निर्मात्री निशा अधिकारीले प्रतिनिधि सभा सदस्यमा लज्जास्पद हार बेहोरेकी छन् । ब्याट्री चुनाव चिन्हको गतिशील लोकतान्त्रिक पार्टीबाट काठमाडौं क्षेत्र नं. ५ मा उम्मेदवार बनेकी उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सस्मित पोखरेलसँग पराजित भएकी हुन् । सस्मितले २३ हजारभन्दा बढी मत ल्याउँदा निशाले एक हजार पनि मत कटाउन सकिनन् ।

चुनावमा पराजित भएपछि निशाले फेसबुक पोस्टमार्फत सस्मितलाई बधाई दिँदै चुनावको नतिजा जे भए पनि आफ्नो प्रतिबद्धता कहिल्यै परिवर्तन नहुने बताएकी छन् । उनले लेखेकी छन्, 'हाम्रो घरदैलो संवाद जारी रहनेछ । नागरिकसँग प्रत्यक्ष संवाद गर्दै, नीति र एजेण्डामा आधारित राजनीति निर्माण गर्ने हाम्रो प्रयास जारी रहनेछ ।'

उनले आफ्नो हारलाई यात्राको समाप्ति नभइ अर्को अध्यायको सुरुवात भनेकी छन् । काठमाडौं-५ बाट एकदिन महिला प्रतिनिधि संसदमा पुग्ने सपना अझै जीवित रहेको उल्लेख गर्दै उनले त्यो सपना पूरा गर्न आफ्नो क्षमताअनुसार निरन्तर प्रयास गर्ने अठोट व्यक्त गरेकी छन् । राजनीति आफ्नो लागि पदको यात्रा नभइ सेवा, मूल्यमान्यता र जिम्मेवारीको यात्रा रहेको उनको भनाइ छ ।

निशाले अहिलेको अवस्थामा प्रतिनिधि सभाभित्र बलियो प्रतिपक्ष कमजोर हुन सक्ने सम्भावना समेत औंल्याएकी छन् । यस्तो अवस्थामा नागरिकको आवाज जोगाउन सडकबाट बलियो लोकतान्त्रिक प्रतिपक्षको भूमिका अझ महत्वपूर्ण हुने बताउँदै उनले त्यो जिम्मेवारी आफूले निरन्तर निभाउने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

# रास्वपा समर्थकको निशानामा किन परे हमाल ?



काठमाडौं/बिहीबार भएको प्रतिनिधि सभा निर्वाचनको मतपरिणाम सार्वजनिक भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले देशभर अनपेक्षित नतिजा ल्याइरहेको छ । नयाँ शक्तिको रूपमा उदाएको रास्वपाले पुराना राजनीतिक शक्तिहरूलाई धक्का दिइरहँदा सोही पार्टी लक्षित एक अभिव्यक्तिका कारण अभिनेता राजेश हमाल भने विवादमा तानिएका छन् ।

**के थियो हमालको अभिव्यक्ति ?**

निर्वाचनको पूर्वसन्ध्यामा हमालले एक भिडियो सन्देशमार्फत राजनीतिक परिपक्वता भएका पुराना दलहरूको धमिलिएको छवि र नयाँ शक्तिको राजनीतिक दूरदर्शिता स्पष्ट नभइसकेकाले मतदाताका लागि छनोट कठीन रहेको बताएका थिए । उनले भदौ २३ र २४ गतेका घटनाबीच सम्बन्ध थियो वा थिएन भन्ने विषय अझै स्पष्ट नभएको पनि उल्लेख गरेका थिए ।

उनले भिडियोमा भनेका थिए, 'भोट गर्दै गर्दा हामीमाझ चुनौती नै रहनेछ । किनभने, पुराना र राजनीतिक परिपक्वता भएका राजनीतिक दलहरूको धमिलिएको छवि र नयाँ शक्ति भनाउँदाहरूको राजनीतिक अपरिपक्वता र दूरदर्शिता खासै छर्लङ्गका साथ नेपाली जनतामाझ आइसकेको छैन । यो अवस्थामा चुनाव हुँदैछ । यसैले मतदाताका लागि छनोट सजिलो छैन ।'

हमालले आफ्नो सन्देशमा पुराना पार्टीलाई 'राजनीतिक रूपमा परिपक्व'को संज्ञा दिएर नयाँ शक्तिलाई 'अपरिपक्व' र 'भनाउँदाहरू' भनेकोप्रति सामाजिक सञ्जालमा धेरैले आपत्ति जनाएका छन् । त्यसलाई कतिपयले रास्वपामाथिको प्रहारका रूपमा लिएका छन् । उनले नयाँ पुस्ताको परिवर्तनको चाहनालाई अपमान गरेको आरोप समेत लागेको छ ।

रास्वपा समर्थकहरूले सामाजिक सञ्जालमा हमाललाई 'पुराना दलको एजेन्ट' र 'परिवर्तन विरोधी' भएको भन्दै टिप्पणी गरिरहेका छन् । धेरैले उनलाई 'आउटडेटेड कलाकार'को संज्ञा समेत दिएका छन् । यद्यपि, हमालले आफ्नो विरोध र आलोचनाबारे हालसम्म कुनै स्पष्टीकरण दिएका छैनन् । आफ्नो अभिव्यक्तिका कारण उनी विवादमा तानिएको सम्भवतः यो पहिलो पटक हो ।

# रास्वपाले विजयी र्‍याली नगर्ने

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टीले कुनै किसिमको विजय र्‍याली नगर्ने भएको छ । निर्वाचन हुनुको पृष्ठभूमिमा भएको जेनजी आन्दोलन र मध्यपूर्वको घटनालाई ध्यानमा राख्दै रास्वपाले विजय उत्सव नमनाउने भएको हो ।

रास्वपा उपसभापति डिपि अर्यालले आफ्ना उम्मेदवारलाई एक भिडियो सन्देश जारी गर्दै अबिरजात्रा र र्‍याली नगर्न भनेका हुन् । रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहको निर्देशन रहेकाले अब मतदाताको म्यान्डेट अनुसार काम गरेपछि विजयी र्‍याली मनाउने अर्यालले बताएका छन् ।

'यसपटकको निर्वाचन आउनुमा हाम्रा साना नानीबाबु, जेनजी उमेरसमूहका छोराछोरीले ज्यान गुमाएको पिडा अझै सेलाएको छैन,' अर्यालले भनेका छन्, 'साथै सबै नेपालीले सुशासन र भ्रष्टाचारको अन्त्य होस् भन्नुभएको कुरा पनि याद गर्नुपर्छ । सँगसँगै मध्यपुर्वमा भएको घटनालाई पनि याद गर्नुपर्छ । त्यसैले अबिरजात्रा गर्ने मुडमा हामी छैनौं ।' आफूहरूलाई काम गर्नका लागि जनताले यो उल्लेख्य मत दिएको बताउँदै अर्यालले जनताले दिएको म्यान्डेट पूरा भएपनि जनताको घरदैलोमा पुगेर धन्यवाद ज्ञापन गर्ने पनि बताए ।

'यो मत हामीलाई जनताले काम गर्नु भनेर दिनुभएको म्यान्डेट हो । त्यो पुरा गरेपछि यहाँहरुसँग घरदैलोमा अबिरजात्रा गर्ने दिन त आइनै हाल्छ । सबैभन्दा पहिला हामीले काम गर्नुपर्नेछ,' अर्यालले भनेका छन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# विकासका पूर्वाधार बढे पनि...

हेटौंडा उपमहानगरमा पानीको समस्या नभए पनि दुर्गमको राक्सिराङमा खानेपानीकै समस्या छ । वडा नं ६ सिलिङेमा सुक्खायाम लागेपछि पानीको मुहान सुकेर खानेपानीको समस्या हुने गरेको छ । सुक्खायाम लागेपछि यहाँ पानीको समस्या हुने गरेको सिलिङे माविकी प्रधानाध्यापिका चेपाङले भनिन्, 'गर्मी समयमा विद्यार्थी पिउने पानीको व्यवस्था गर्न पनि समस्या छ ।' जिल्लाकै अर्को दुर्गम कैलाशको भार्तामा पानीको चर्को समस्या छ ।

वर्षायाममा अझै पनि बलेसीको पानी खान वाध्य छन् भने सुक्खायाममा गाउँ भन्दा तल खोल्सीस्थित कुवाको पानी खानु पर्ने बाध्यता छ । यो क्षेत्रका बासिन्दाले खानेपानीका लागि स्थानीय सरकार देखि संघीय सरकारसम्म अनुरोध गर्दै आएका छन् । मकवानपुरमा ९८ प्रतिशत गाउँबस्तीमा विद्युत पुगेको छ । बागमती प्रदेश सरकारले आफ्नै लगानीमा हेटौंडा उपमहानगरपालिका-१० मा निर्माण गरेको दुधको पाउडर प्लान्ट अहिलेसम्म संचालनमा आउन सकेको छैन । सम्भाव्यता अध्ययनविना चार वर्षअघि निर्माण सुरु भएको उद्योग २०८१ पुसमा तयार भएर परीक्षण उत्पादन थालेयता कुन निकायले सञ्चालनको जिम्मा लिने भन्ने कार्यविधि अभावमा एक वर्षदेखि उपयोगविहीन अवस्थामा रहेको छ ।

बागमती प्रदेशले ४७ करोड लगानीमा निर्माण गरेको पाउडर प्लान्ट मागको तुलनामा बढी भएको दुध संकलन गरी पाउडर बनाउने र किसानको दुध खेरजान नदिने उद्देश्यले स्थापना भएको उद्योग प्रयोगविहीन अवस्थामा रहेको हो । सम्भाव्यता अध्ययनविनै निर्माण सुरु गरिएको उद्योगको परीक्षण उत्पादन गरिएको थियो । त्यसयता भने उद्योग धुलो दुध उत्पादनका लागि नियमित प्रयोग गर्न नसकिएको बागमती प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले जानकारी दिए । मन्त्रालय मातहतको दुग्ध विकास बोर्डको समन्वयमा उद्योग निर्माण भएपनि सञ्चालनका लागि कसैले चासो दिएका छैनन् । बोर्डले एक वर्षयता कुन निकायले उद्योग सञ्चालन गर्ने भन्नेबारे कार्यविधिसमेत नबनाएको मन्त्रालयको भनाइ छ ।

हेटौंडा उपमहानगर पालिका-११ थानाभञ्याङस्थित अन्तराष्ट्रियस्तरको कृषि थोकबजारको निर्माणकार्य सम्पन्न गरियो । तर, प्रयोगमा आउन सकेको छैन । प्रदेश सरकारको ७० र हेटौंडा उपमहानगरको ३० प्रतिशत गरी करिब ३० करोडको लागत निर्माण गरिएको थोकबजार प्रयोगविहीन अवस्थामा रहेको छ । थोकबजारमा प्रतिनिधिसभा सदस्य निर्वाचनको मुख्य निर्वाचन अधिकृतको कार्यालय राखिएको छ । प्रदेश सरकारले उपमहानगरलाई संचालन गर्ने जिम्मेवारी दिएको छ तर, कार्यविधि बनिनसेकाले संचालनमा आउन नसकेको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले बताइन् ।

मकवानपुरबाट वैदेशिक रोजगारीमा जानेको संख्या २५ हजार ७ सय १२ जना छ । २०७८ को जनगणना अनुसार यो संख्या अन्य जिल्लाको तुलनामा न्यून भएपनि युवा गाउँमा कम छन् । कतिपय गाउँमा मलामी जान समेत युवा जनशक्ति नै नपाउने अवस्था रहेको स्थानीय बताउँछन् । बसाइँसराइ र पलायन बढेपछि मकवानपुरगढी र राक्सिराङ गाउँपालिकाले अन्यत्रबाट गाउँमा बसाइँ सरेर आउने र गाउँबाट अन्यत्र गएकालाई फर्काउनका लागि अनुदानको व्यवस्था पनि गरेको छ । तर, त्यसको प्रभाव खासै परेको देखिँदैन ।

थाहा नगरपालिका-७ डाँडाबासका मनबहादुर थिङ भन्छन्, 'गाउँका युवा रोजगारीका लागि सहर तिर र मुलुक बाहिर गएका छन्, गाउँका केही घरमा बृद्धबृद्धामात्र छन् ।' उनकाअनुसार शिक्षा, बाटोघाटो र कमाई गरिखाने जमिन नभएर अधिकांशले गाउँ छोडेका होइनन्, प्रायः देखासिकी र रोजगारीका लागि गाउँबाट बाहिरिएका हुन् । मकवानपुरका सरकारी कार्यालयमा सेवाग्राहीले सामान्य तरिकाले नै सेवा पाइरहेका छन् । अधिवक्ता मदन दाहाल जिल्लाका सरकारी, गैरसरकारी वा सामुदायिक संघसंस्थाले सहज ढंगले नागरिकलाई सेवाप्रवाह गरिरहेको बताउँछन् ।

'आवश्यक कागजपत्र पुगेकाले सहज ढंगले सेवा पाइरहेको अवस्था भएपनि दुर्गमक्षेत्रका बासिन्दालाई समय र आर्थिकरुपमा बढी लगानी गर्नु परेको छ,' उनले भने । मकवानपुरको उत्तरीक्षेत्रका बासिन्दा लामो समयदेखि थाहा नगर पालिकामा ईलाका प्रशासन कार्यालय स्थापना गर्न माग गर्दै आएका छन् । जिल्ला प्रशासनले दिने सेवा लिन उनीहरुले हेटौंडा नै आउनु पर्ने बाध्यता छ । थाहा नगरपालिका ईलाका प्रशासन स्थापना गरिए यो क्षेत्रका बासिन्दालाई धेरै सहज हुने थाहा नगरप्रमुख विष्णु विष्टले बताए ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार मकवानपुरका सबै पालिकामा बेरुजु रकम बढ्दो छ । सबैभन्दा थोरै बेरुजु ईन्द्रसरोवार गाउँपालिकाको १ करोड ३८ लाख रुपैयाँ देखाएको छ । सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिको ५१ करोड १४ लाख रुपैयाँ बेरुजु देखाएको छ । यसैगरी थाहा नगर पालिकाको ४ करोड ८० लाख, बागमती गाउँपालिकाको २ करोड ६३ लाख बेरुजु रकम देखाएको छ । मकवानपुरमा बारम्बार दोहोरिने समस्यामा बाढीपहिरो रहेको छ । यहाँको अधिकांश जमिन भूक्षयको दृष्टिकोणले उच्चजोखिममा छ ।

यहाँ हरेक निर्वाचनमा उठ्ने सवाल भनेको सुकुम्बासी र अव्यवस्थित बसोबास गर्नेहरुलाई जग्गाधनी पुर्जा उपलब्ध गराउने रहने गरेको छ । अर्कोतिर विगत निर्वाचनदेखि केही उम्मेदवारहरुले गाँजा खेतीलाई वैधानिकता दिने आश्वासनसमेत दिएका छन् । यसपालीको निर्वाचनमा उम्मेदवारका साझा एजेन्डा सुकुम्वासी, अव्यवस्थित बसोबास, मध्यवर्ती क्षेत्रको समस्या र गाँजा खेतीलाई बैधानिकता दिनुपर्नेलगायत छन् । यहाँ उम्मेदवारले लामो समयदेखि सुकुम्बासीलाई लालपुर्जा वितरण गर्ने आश्वान दिने गरेपनि अहिलेसम्म पूरा भएको छैन ।

मकवानपुरका केही भाग आन्तरिक एवं बाह्य पर्यटकका लागि आकर्षक क्षेत्र छन् तर, त्यसको उजागर र पूर्वाधार निर्माण हुन सकेका छैनन् । थानकोट-चित्लाङ सुरुङ निर्माण गर्नसकेमा सिंगो थाहा नगरपालिका पर्यटकको आकर्षणको केन्द्र बन्नसक्ने थाहा नगरप्रमुख विष्टले बताए । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार मकवानपुरमा १ लाख ५ हजार ६९१ जना गरिब छन् । मकवानपुरमा ४ लाख ५८ हजार ४९३ जनसंख्यामा १ लाख ५ हजार ६९१ अर्थात २३ दशमलव ४६ जनसंख्या गरिबीको रेखामुनि रहेको कार्यालयको तथ्यांक छ । तथ्यांक कार्यालयले गत पुस २५ मा सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान-०८२' को प्रतिवेदनमा यो तथ्यांक उल्लेख गरिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक मनोहर घिमिरेका अनुसार वार्षिक ७२ हजार ९०८ रुपैयाँ खर्च गर्नसक्ने सक्षम व्यक्ति गरिबीको रेखाभन्दा माथि हुन्छ । प्रतिवेदनमा देशभरका ७५३ वटै पालिकाको गरिबी दरसमेत सार्वजनिक गरिएको छ । प्रतिवेदन अनुसार मकवानपुरका १० स्थानीय तहमध्ये राक्सिराङमा २०७८ को जनगणनाअनुसारको तथ्यांकमा २५ हजार ९९६ जनसंख्या रहेकोमा १७ हजार ६३ अर्थात ६५ दशमलव ६४ प्रतिशत बासिन्दा गरिब छन् । यो तथ्यांकअनुसार जिल्लामा सबैभन्दा बढी गरिब रहेको पालिका राक्सिराङ हो । राक्सिराङ देशकै सबैभन्दा बढी गरिब हुने पालिकामध्ये छैठौं स्थानमा परेको छ ।

मकवानपुरमा सबैभन्दा कम गरिब भएको पालिका हेटौंडा उपमहानगर हो । हेटौंडाको कुल जनसंख्या १ लाख ९३ हजार ५७५ मध्ये १४ हजार ९१० अर्थात ७ दशमलव ७ प्रतिशत वासिन्दामात्र गरिब छन् । १० वटा स्थानीय तहमध्ये मकवानपुरमा ८ वटा गाउँपालिका छन् । यीमध्ये सबैभन्दा कम गरिब भएको पालिका भीमफेदी रहेको छ । भीमफेदीले अरु सातवटा गाउँपालिकामध्ये आफूलाई सुधारिएको तथ्यांकमा देखाउँदै २१ हजार ५१६ जनसंख्यामध्ये ५ हजार ३८१ अर्थात २५ दशमलव १ प्रतिशत मात्र गरिब रहेको पालिकाको स्थानमा आफूलाई कायम गरेको छ ।

भीमफेदी जिल्लाकै कम गरिब भएको पालिकामध्ये तेस्रो स्थानमा छ । दोस्रोमा थाहा नगर पालिका रहेको छ । थाहा नगर पालिकामा कुल ३८ हजार ८७० मध्ये ९ हजार ६२० अर्थात २४ दशमलव ७५ प्रतिशत नागरिक गरिब छन् । संघीय राजधानीसँग जोडिएको मकवानपुर जैविक र जातीय विविधताले भरिपूर्ण छ । यसलाई भरपुररुपमा उपयोग गर्न सकिएमा मकवानपुर मुलुकको सवल र सक्षम जिल्लाको रुपमा परिणत गर्न सकिने मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. सिलवाल बताउँछन् । 'मकवानपुर अहिले पनि बत्तीमूनिको अँध्यारो जस्तो देखिन्छ तर, अँध्यारोपनलाई हटाउन सबै क्षेत्रबाट जागरुक हुन जरुरी छ ।'

# निर्वाचन नै जनताको सही मूल्यांकन

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ प्रतिनिधिसभा सदस्यका लागि बिहीबार भएको निर्वाचनमा सबैजसो राजनीतिक दलका शीर्ष नेताहरु राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को उम्मेदवारसँग पछाडि परेका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी लगायत दलका शीर्ष नेताहरु रास्वपाका प्रतिस्पर्धीसँग भारी मतान्तरले पछाडि परेका हुन् । पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली रास्वपाका वरिष्ठ नेता बालेन्द्र साहसँग उल्लेख्य मतले पछाडि परेका छन् । यसबाहेक, झापमा नै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन रास्वपाका प्रतिस्पर्धीसँग भारी मतले पछाडि परेका छन् । यसबाहेक, नेपाली कांग्रेसका सभापति गगन थापा अमरेशकुमार सिंहसँग पछाडि पर्दै गएका छन् । कांग्रेसका नेता शेखर कोइराला, महामन्त्री प्रदीप पौडेल, बिमेलेन्द्र निधी लगायत चर्चित नेता पछाडि छुटेका छन् ।

नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल लगायत नेता पछाडि परेका छन् भने नेकपाका सहसंयोजक माधवकुमार नेपाल समेत पछाडि परेका छन् । तर, नेकपाका संयोजक पुष्पकमल दाहालको भने भारी मतान्तरले जीत निकालेका छन् । उनी गोर्खामा असुरक्षित देखेपछि रुकुमपूर्व पुगेका थिए । त्यो क्षेत्रमा उनको जीत सुनिश्चित देखिएको थियो । देशभरका १४५ क्षेत्रमा मतगणना चलिरहँदा धेरैजसो ठाउँमा प्रमुख दलका उम्मेदवारले जमानत जोगाउनै प्रयास गरिरहेका छन् । नेपाली कांग्रेस र एमालेको लालकिल्ला मानिने क्षेत्रमा समेत नाम चलेका नेता धमाधम ढलिरहेका छन् ।

सत्ताकै लागि जे पनि गर्ने प्रवृत्ति नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी हालको नेकपा लगायत दलहरुमा छरपस्टै देखियो । त्यसविरुद्ध मतदातामा आक्रोश देखिन थालेको परिणाम मतदाताले देखाइदिए । नेताहरुको दम्भका कारण नै यो निर्वाचनमा यस्तो परिणाम आएको विश्लेषण गर्न थालिएको छ ।

# तेस्रो पटक विधायक बने विराजभक्त



काठमाडौं/विराजभक्त श्रेष्ठ तेस्रो पटक विधायक बनेका छन् । बिहीबार भएको निर्वाचनबाट विराजभक्त विजयी भएसँगै तेस्रो पटक विधायक भएका हुन् । मतपरिणाम अनुसार विराजले २४ हजार ५९२ मत पाएका छन् ।

नेपाली कम्युनिस्ट पार्टीका सुमन सायमी ३ हजार २१७ मत ल्याएर दोस्रो भए भने तेस्रो भएकी कांग्रेसकी सपना राजभण्डारीले २ हजार ८३५ मत पाइन् । विराजभक्त श्रेष्ठ पहिलो पटक २०७४ सालमा बागमती प्रदेश सभा सदस्य भए । त्यसबेला उनी समानुपातिक निर्वाचन प्रणालीतर्फबाट प्रदेश सभामा विधायक बनेका थिए ।

प्रदेश सभामा रहँदा नेपाल भाषा र तामाङ भाषालाई बागमती प्रदेशको सरकारी कामकाजको भाषा बनाउने कानुन पारित गराउन महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

संघीय सरकारले गुठी विधेयक ल्याउँदा उनले सडक र सदन दुवै मोर्चाबाट सशक्त विरोध गरी नेवाः समुदायको भावनाको प्रतिनिधित्व गरे । २०७९ मा काठमाडौं निर्वाचन क्षेत्र नम्बर ८ बाटै प्रतिनिधिसभा सदस्यको निर्वाचन जितेका थिए ।

त्यसबेला श्रेष्ठले १० हजार ११२ मत पाएका थिए । त्यसबेला पनि सुमन सायमी प्रतिस्प्रर्धी थिए । त्यसबेला सायमीले ६ हजार १७९ मत ल्याएका थिए । विघटित प्रतिनिधि सभामा श्रेष्ठले संघीय संसद्‌मा सुशासन र खेलकुद क्षेत्रको सुधारका लागि सक्रियता देखाएका थिए । श्रेष्ठ हरेक वर्ष आफ्नो कामका प्रतिवेदन सार्वजनिक गरे ।

केही समय युवा तथा खेलकुद मन्त्री बने । मन्त्री हुँदा खेलकुद क्षेत्रको बेथिति हटाउन र खेलाडीहरूको मनोबल बढाउन चालेका कदमहरूले उनलाई चर्चामा समेत ल्याएको थियो । त्यसलाई ब्रान्डिङ गर्दै उनले चुनावमा 'काम गर्न सक्ने युवा' भनेर प्रचार गरेका थिए ।

श्रेष्ठले 'बिजनेस एड्मिनिस्ट्रेसन' मा स्नातक गरेका छन् । होटल-रेस्टुरेन्ट व्यवस्थापन र विभिन्न परियोजनाहरूमा जागिरेका रूपमा करियरको सुरुवात गरेका उनी २०७२ सालको महाभूकम्पपछि समाजसेवामा सक्रिय भए ।

त्यसबेला उनले नेतृत्व गरेको स्वयंसेवक टोलीले राहत संकलन, वितरण र मुस्ताङदेखि बर्दिवाससम्म विपन्न समुदायका लागि स्वास्थ्य शिविर सञ्चालन गरेको थियो ।

वातावरण संरक्षणका लागि उनले 'फोर्स नेपाल' संस्था खोलेर 'वान ट्री-मेरो जिम्मेवारी' जस्ता अभियानहरू चलाए, जसले उनलाई भुइँतहका मानिसहरूसँग जोड्न मद्दत गऱ्यो । यही पृष्ठभूमिमा श्रेष्ठ २०७४ को निर्वाचनअघि उज्ज्वल थापासँगै विवेकशील साझाको अभियानमा होमिएर राजनीतिमा लागेका हुन् ।

# हरेक आन्दोलनपछि दुईतिहाइ र बहुमत आउने संयोगमा अभूतपूर्व आँधीबेहरी ल्याउने 'लक्की' रास्वपा



काठमाडौं/२०१५ देखि २०८२ सालसम्मको हरेक निर्वाचन पूर्वका आन्दोलन वा विद्रोहको संयोगमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) 'लक्की' सावित देखिएको छ । २०१५ साल, २०४८ साल, २०६४ साल, २०७४ सालको निर्वाचनमा कुनै न कुनै घटनासँग जोडिएका थिए । ती घटनामा जोडिएका र मुख्य सरोकारवाला दलले लगत्तैको चुनावमा बहुमत ल्याएको वा ठूलो दल भएको इतिहास छ । यसरी ठूलो राजनीतिक मुभमेन्ट अगुवाइ नगरीकनै रास्वपाले यसपटक अभूतपूर्व राजनीतिक अनुमोदन प्राप्त गरेको छ ।

आफू प्रत्यक्ष संलग्न नभएको र देखिने गरी अपनत्व नलिएको जेन-जी विद्रोहलगत्तैको निर्वाचनमा रास्वपा बहुमतको निकट पुगेको छ । २३ र २४ भदौमा भएको जेन-जी विद्रोहमा रास्वपा प्रत्यक्ष हिस्सा होइन । देखिने गरी विद्रोहको आह्वान पनि रास्वपाले गरेको थिएन । जेन-जी विद्रोहपछि अगुवाहरू रक्षा बम, भावना राउत, तनुजा पाण्डे, माजिस अन्सारी, उपमार्जुन चाम्लिङसहितले अहिले पनि आफूहरूको भावनाको कदर नभएको भन्दै प्रश्न उठाएका छन् ।

२३ भदौको ठूलो मानवीय क्षति र २४ भदौको भौतिक क्षति गराउनेमाथि कारबाहीको माग गरि रहेका छन् । हरेक दिन सामाजिक सञ्जालमा लेख्दै उनीहरूले यी दुवै दिनका दोषीलाई कारबाही गर्न माग गरेका हुन् । जबकि २८ वर्षमुनिका जेन-जी युवाको आह्वानमा सो विद्रोह भएको थियो । तर, रास्वपाले रणनीतिक हिसाबले विद्रोहलाई 'क्यास' गऱ्यो । चुनावी सचेत रणनीति पनि चलाखीपूर्ण रूपमा अख्तियार गऱ्यो, जसले गर्दा रास्वपा बहुमतभन्दा बढी सिट जित्नेतर्फ लम्किएको हो ।

मुख्य गरी कांग्रेस र एमालेको सरकारविरुद्ध रास्वपाले सुशासन दिन नसकेको, वर्षौंसम्म सत्ता चलाएर विकृति निम्त्याएको भाष्य बनाउन भने सफल भयो । यही भाष्यका बीच जेन-जी विद्रोह हुँदा रास्वपादेखि तत्कालीन काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले नैतिक समर्थन गरे । सोही समर्थनपछि तत्कालीन प्रधानमन्त्री केपी ओलीको राजीनामा र संसद विघटन भएपछि २१ फागुनमा निर्वाचन हुन पुग्यो । पाँच वर्षमा हुनुपर्ने निर्वाचन ३ वर्षमै भए पनि रास्वपाले त्यसलाई क्यास गर्दै अवसरमा सदुपयोग गर्न सफल भयो ।

एकातिर जेन-जी विद्रोहलाई क्यास गर्ने र अर्कोतिर युवाबीच लोकप्रिय रहेका बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवार बनाएर रास्वपा चुनावमा गयो, जसको परिणामरास्वपा यसै चुनावबाट बहुमत प्राप्त गर्ने बाटोमा अगाडि बढेको छ । राजनीतिक विश्लेषक कृष्ण पोखरेल रास्वपामा बालेन जेन-जी विद्रोहको बलमा जोडिएदेखि अहिलेको अवसर आएको बताउँछन् ।

'रास्वपा मात्रै होइन, यस्तो अवसर आउने थिएन । बालेन नहुँदा यस्तो हुने थिएन । अगाडि मूलधारको दललाई टक्कर दिने दलको रूपमा रास्वपा थियो । तर, बालेन आएपछि जेन-जी आन्दोलनको भावना जोडियो,' पोखरेल भन्छन्, 'रास्वपाले चौथो दलको रूपमा पुराना दललाई टक्कर दिएको थियो ।

प्रत्यक्ष सहभागिता नभए पनि जेन-जी मुभमेन्ट, त्यसको भावना, लगाव भएका बालेन जोडिने बित्तिकै रास्वपा आजको बहुमत पाउने अवस्थासम्म पुगेको हो । यसअघि जस्तो ठूला आन्दोलनको रापताप नभ्mेले पनि पुराना दलको सरकार र अस्तित्वलाई नैतिक समर्थनको जेन-जी मुभमेन्टले भत्काएपछि पुरानै दललाई होइन, रास्वपालाई ल्याए मात्रै जनताको भावना पूर्ति हुन्छ भन्ने भएपछि रास्वपाको पक्षमा यो उभार आएको हो ।' रविभन्दा युवामा लोकप्रिय रहेका बालेनले रास्वपामा बहार ल्याएको उनको भनाइ छ ।

'जेन-जी विद्रोहलगत्तै सरकारको अफर बालेनलाई आएको थियो । तर, उनले अवसर आउँदा सुशीला कार्कीलाई प्रधानमन्त्री बनाए र आफू जनताबाटै अनुमोदित भएर आउने संकल्प लिए,' पोखरेल भन्छन्, 'जेन-जी युथसँग जोडिएको भावना रास्वपासँग जोडिएपछि यो जनसमर्थनमा मोडियो । रविको इमेज र बालेनको क्रेजले आजको अभूतपूर्व लहर र अवसर आएको हो ।' हुन पनि २०७९ सालमा २१ सिट जितेको रास्वपा यसपटक थप सय सिट जित्नेबाटोतर्फ लम्किएको छ । जारी मतगणनामा ११० बढी सिटमा रास्वपाको अग्रता छ । अग्रता भएका सिट लगभग सबै जित्ने गणितमा रास्वपाका उम्मेदवार छन् । यस्तोमा प्रत्यक्षमा ११० बढी सिट र समानुपातिकमा ४५-५० सिट जित्ने गरी रास्वपाको मत आउने देखिएको छ ।

**चुनौती पनि उत्तिकै**

विश्लेषक पोखरेल अब रास्वपालाई अवसरसँगै चुनौती पनि उत्तिकै रहको बताउँछन् । 'अब रास्वपाले बहुमत पाउने देखिन्छ । तर, सरकार बनाउनुभन्दा चुनौतीपूर्ण सरकार चलाउनु हो । जनताले कांग्रेस, एमाले, नेकपासहितका थुप्रै दलले पार्टी नछोडेर भोट बदले । यो ठूलो आशा र अपेक्षाको मत पाएको अवस्था हो,' पोखरेल भन्छन्, 'एकदमै ठूलो अपेक्षा छ जनताको । त्यो पूरा नगरे यत्तिकै निराशा पनि बढ्छ । अहिले बढेको लोकप्रियताको ग्राफ पनि यत्तिकै तल झर्न सक्छ । त्यसैले अहिलेको अवस्था, संयमता, बुद्धिमतापूर्वक अघि बढ्नुपर्ने जिम्मेवारी रास्वपाको काँधमा आएको छ ।' अरु पार्टीसँग समन्वय र सहकार्य रास्वपाका लागि अर्को चुनौती भएको उनी बताउँछन् ।

'अब सरकार चलाएर मात्रै पुग्ने छैन । सदनबाट कानुन र नीति निर्माणमा काम गर्नुपर्ने हुन्छ । यस्तोमा राष्ट्रियसभा चाहिन्छ । तर, सभामा रास्वपाको एकसिट पनि छैन । काम गर्न गाह्रो छ,' पोखरेल भन्छन्, 'अन्य पार्टीलाई होच्याउने भन्दा निर्वाचनको परिणामपछि दलहरूसँग सहकार्यको हात अगाडि बढाउनुपर्छ । घोषणापत्रका मुद्दामा कुन पार्टीसँग काम गर्न सहज हुन्छ, तिनमा कार्यक्रम बनाएर अगाडि बढ्नुपर्छ । सरकार बनाएको दिनदेखि नै रास्वपाको परीक्षा र चुनौती सुरु हुन्छ ।'

रास्वपाको यही शैलीबारे लेखक नारायण गाउँलेले रास्वपाको अकल्पनीय सफलतालाई १+१ लाई ११ को संज्ञा दिएका छन् । 'यो स्तर को अकल्पनीय सफलताको मूल कारण १+१ भएर ११ हुनु हो ! गलत भाष्यहरू चिर्न हामी सधैँ मैदानमा हुनेछौँ तर जायज प्रश्नहरूमा जवाफदेहिता पनि खोज्नेछौँ,' रवि र बालेन एक/एक जना मिल्दा ११ भएको भन्दै लेखेका छन्, 'जुन स्तरको जनविश्वास र अभिमत प्रकट भएको छ, त्यसले गर्न नसकिने केही पनि छैन । बाहिर त विपक्ष पनि बच्ने देखिन्न । अबको पाँच वर्ष यदि कुनै चुनौती छ भने त्यो आफैँभित्रबाट छ भन्ने बुझ्दै सजग, सचेत र एकताबद्ध भएर यो नागरिक नासो र अपेक्षाको मान राख्नुहोला ।'

**एजेन्डा बोक्ने, अगुवाइ गर्नेले मात्रै जितेको इतिहास**

२००७ सालको आन्दोलन पछि २०१५ सालमा भएको निर्वाचनमा कांग्रेसले दुईतिहाइ मत ल्याएको थियो । २००७ सालको आन्दोलनको प्रमुख हिस्सा नै कांग्रेस थियो । सोही आन्दोलनको अगुवाइ गरेको कांग्रेसले २०१५ सालमा दुईतिहाइ बहुमत पाएको थियो । सात सालपछि २००९ सालमा गर्ने भनिएको चुनाव बल्ल २०१५ मा सम्भव भएको थियो । सोही निर्वाचनपछि बीपी कोइराला दुईतिहाइ मतका प्रधानमन्त्री भएका थिए । तर, दुईतिहाइको सत्ता १८ महिना १८ दिनमै ढल्यो ।

हुदल छलेर पञ्चायती व्यवस्था २०४६ सालसम्म चल्यो । तर, कांग्रेसकै अगुवाइमा २०४६ सालको जनआन्दोलन हुन पुग्यो । सोही जनआन्दोलनपछि २०४८ सालमा भएको आमनिर्वाचनमा कांग्रेसले बहुमत प्राप्त गरेको थियो । गिरिजाप्रसाद कोइराला बहमतका प्रधानमन्त्री हुन पुगेका थिए । यद्यपि, बहुमतको सरकार कांग्रेसको किचलोले तीन वर्षमा ढल्न पुगेको थियो, जसको परिणाम २०५१ सालमा मध्यावधि निर्वाचन हुन पुग्यो । एमालेको अल्पमतको सरकार बनेको थियो । २०५६ सालमा कांग्रेसले फेरि बहुमत ल्यायो । तर, सो बहुमतको सरकार पनि कांग्रेसको किचलोले राम्रोसँग चल्न सकेन । एकातिर माओवादीको द्वन्द्व, अर्कोतिर प्रधानमन्त्री फेरिने, विघटन र एकअर्कालाई कारबाहीका शृंखला चलिरहे । तत्कालीन राजा ज्ञानेन्द्रले समेत सत्ताको आकांक्षा राखेपछि २०६२/६३ मा मुलुकले दोस्रो जनआन्दोलन भोगेको थियो ।

(स्रोतः शिलापत्र)

# मबाहेक अरू नेताको जित्ने छाँटकाँट छैनः प्रचण्ड



काठमाडौं/नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुकको भावी राजनीति र संसद्मा आफ्नो भूमिका निर्विकल्प रहेको दाबी गरेका छन्।

प्रतिनिधि सभा निर्वाचनमा रुकुम पूर्वबाट विजयी भएपछि आयोजित सभालाई सम्बोधन गर्दै उनले अबको संसद्मा आफू नै सबैभन्दा 'वरिष्ठ' र 'निर्णायक' नेताका रूपमा रहने जिकिर गरेका हुन्।

विजयी ऱ्यालीपछि आयोजित कोणसभामा बोल्दै प्रचण्डले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसहितका अन्य स्थापित शीर्ष नेताहरू यसपटकको प्रतिस्पर्धामा पाखा लाग्ने अवस्था आएको टिप्पणी गरे।

'यस पटकको निर्वाचनमा केपी ओलीसहित आफ्नै दलका कतिपय नेताहरूले जित्ने छाँटकाँट देखिँदैन' उनले भने, 'मुलुकको राष्ट्रिय राजनीतिको मियो र संसद्को सबैभन्दा अनुभवी नेतृत्व अब म नै हूँ।'

आफ्नो दलको नेतृत्वमा सरकार बन्ने गणितीय सुनिश्चितता नभए पनि नयाँ उदायका शक्तिहरूले आफ्नो छत्रछायामै रहनुपर्ने उनको तर्क छ । विशेष गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो सल्लाह र मार्गनिर्देशनबिना सरकार सञ्चालन गर्न नसक्ने उनले दाबी समेत गरेका छन् । 'रास्वपाले मसँगै सल्लाह र सुझाव लिएर मात्र सरकार बनाउनेछ' उनले भने।

सम्बोधनका क्रममा उनले गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनलाई समेत सम्बोधन गरे। उक्त युवा विद्रोहले मुलुकको राजनीतिमा नयाँ तरंग ल्याएको र त्यसलाई सही तार्किक निष्कर्षमा पुऱ्याउने ल्याकत आफूसँग मात्रै रहेको उनले जिकिर गरे।

युवा पुस्ताको आक्रोशलाई सम्बोधन गर्दै देशलाई स्थिरता दिने जिम्मेवारी अब आफ्नो काँधमा आएको उनले भने ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना